जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३३१ • २०८३ साल बैशाख १७ गते बिहीबार (30 April, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सरकारलाई गगनको चेतावनी

टुडे समाचारदाता

मलंगवा । नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले वर्तमान सरकारले मधेशका जनताको अधिकार खोसेको बताएका छन् ।

मलंगवामा बुधबार सभापति थापाले पार्टीको कार्यक्रममा बोल्दै मधेशका जनताको सुविधा नखोस्न आग्रह गरे ।

सभापति थापाले भने, ' प्रधानमन्त्रीजी जनकपुरमा आउँदा यहाँका मानिसहरू अधिकार माग्न काठमाण्डु जानु पर्दैन भन्नुभएको थियो । म उहाँलाई काठमाडौं जानु नपर्ने धेरै परको कुरा हो । तर वर्षौंदेखि यहाँका नागरिकहरूले व्यावहारिक रूपमा पारी गएर सामान किनमेल गर्दै गर्दा आएको सुविधा जुन प्राप्त भएको छ, तपाईंको सरकारले त्यो सुविधा खोसेको छ । कृपया त्यो सुविधा सुचारु गरिदिनुहोस् ।'

पेट्रोलियम पद्धार्थको महँगी बढाएर जनताको भान्सामा बिजोक भएको बताए । सभापति थापाले थप्दै भने, 'यो भन्दा अगाडिको सरकारले पनि लगाएको थियो । कांग्रेस सरकार हुँदा पनि । तर, यी विषय यो भन्दा अगाडि पनि गलतलाई गलत भन्दै आएको हो। म सम्झन्छु, अहिले पनि म भन्छु, त्यो गलत छ ।'

सिमानामा गएर १०० रुपैयाँको सामान ल्याउँदा गृहिणी महिलाको झोला कोतल्नु उपयुक्त नभएको सभापति थापाको भनाइ छ ।

### संसद्मा झण्डै-झण्डै दुईतिहाइ

# पाँच थान अध्यादेशबाटै शासन, प्रतिपक्षीको कडा विरोध

टुडे समाचारदाता

जनकपुरधाम । झण्डै- झन्डै दुईतिहाइ बहुमतको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह नेतृत्वको सरकार हतारहतारमा प्रतिनिधिसभाको अधिवेशन स्थगित गरी अध्यादेशबाटै मुलुकमा शासन चलाउन खोजेको भन्दै प्रतिपक्षी दलसमेतले चर्को विरोध गरेका छन् ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठकबाट संवैधानिक परिषद्सम्बन्धी र समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्तासम्बन्धी कानुन संशोधन गर्ने अध्यादेश ल्याउने निर्णय गर्दै राष्ट्रपति कार्यालयमा पठाएको छ ।

राष्ट्रपति कार्यालयमा बुधबार फेरि थप ३ वटा अध्यादेश बुझाएको छ । मंगलबार दुई वटा अध्यादेश र बुधबार तीन गरी पाँच वटा अध्यादेश शीतल निवासस्थित राष्ट्रपति कार्यालयमा थुप्रिएका छन् ।

सरकारले अध्यादेश जारी गर्नु संवैधानिक अभ्यासकै रुपमा रहेको छ । संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था रहेको छ । संसद अधिवेशन नचल्दा तत्कालै कुनै कानुनी प्रबन्ध गर्नु परे अध्यादेश ल्याउन सकिन्छ । यद्यपि यसको सदुपयोगभन्दा दुरुपयोग बढी हुने गरेका छन् ।

सरकारले संसदलाई छलेर आफ्नो स्वार्थ अनुकूल कानुन बनाउनका लागि अध्यादेशको सहारा लिने गरेको विगतका दृष्टान्तले गर्दा साह सरकारले ल्याएको अध्यादेशमाथि पनि विभिन्न प्रश्न तेर्सिएका छन् ।

सरकारले मंगलबार संवैधानिक परिषद्सम्वन्धी र सहकारीसम्बन्धी दुई विधेयक राष्ट्रपति कार्यालयमा प्रमाणीकरणका लागि पठाएको थियो । त्यसमा उत्पन्न व्यापक विवादका बाबजुद आज फेरि ३ वटा अध्यादेश पठाइएको छ । यसले जे जति विवाद उत्पन्न भए पनि सरकार आफ्नो निर्णयबाट पछि नहट्ने संकेत गरेको छ । प्रतिपक्षी दलहरूले भने अध्यादेश प्रमाणीकरण नगर्न राष्ट्रपतिलाई दबाब दिन थालेका छन् ।

नेपाली कांग्रेसले अध्यादेश जारीको कडा शब्दमा विरोध गर्दै राष्ट्रपतिलाई प्रमाणीकरण नगर्न आग्रहसमेत गरेको छ । तर करिब दुई तिहाइ बहुमतको सरकारले पठाएको सिफारिस रोक्न वा फिर्ता गर्ने निर्णय लिन राष्ट्रपतिलाई भने जस्तो सहज छैन । प्रमाणीकरणमा आलटाल वा ढिलाइ भएमा राष्ट्रपति नै विवादमा पर्न सक्ने स्थिति उत्पन्न हुन सक्ने छ ।

राष्ट्रपति पौडेलबाट प्रमाणीकरण भएपछि अध्यादेश कानुनसरह कार्यान्वयनमा आउनेछ । राष्ट्रपतिले यति नै दिनभित्रमा प्रमाणीकरण गर्नुपर्छ भन्ने कानुनी व्यवस्थामा उल्लेख गरिएको छैन । संसदबाट पारित भएर पठाइएको विधेयक १५ दिनभित्र प्रमाणीकरण वा पुनर्विचारका लागि फिर्ता पठाउनुपर्ने प्रावधान भए पनि अध्यादेशका सम्बन्धमा कानुन मौन छ । अहिले सबैभन्दा बढी चासो संवैधानिक परिषद्सम्वन्धी अध्यादेशलाई हेरिएको छ । गत वर्षमात्र संसदबाट पारित भएर गएको संवैधानिक परिषद्सम्वन्धी विधेयकलाई राष्ट्रपति कार्यालयले ९ दिनपछि पुनर्विचार गर्नुपर्ने भन्दै फिर्ता पठाइदिएका थिए । उनले विधेयक फिर्ता पठाउँदा त्यसमा उल्लेखित केही प्रावधानमाथि प्रश्न उठाएका थिए । विषेश गरी प्रधानमन्त्रीसहित दुईजना पनि बैठक बसेर निर्णय लिन सक्ने प्रावधानमाथि असहमति जनाइएको थियो । त्यस्तै संवैधानिक परिषद्ले सिफारिस गरेका पदाधिकारीको संसदीय सुनुवाइ गर्नु नपर्ने प्रावधानमाथि पनि पुनर्विचार गर्न उनले सुझाएका थिए । त्यसपछि सो विधेयक प्रतिनिधि सभामै अहिलेसम्म थन्किएको छ ।

राष्ट्रपति कार्यालयका प्रवक्ता सहसचिव रितेशकुमार शाक्यले सरकाले पठाएका पाँच अध्यादेश हाल कानून महाशाखा र विज्ञहरुको 'जुरिडिक्सन' मा भएको जानकारी दिए । राष्ट्रपतिलाई अध्यादेशहरुबारे प्रारम्भिक ब्रिफिङ भइसकेको उनको भनाइ छ ।

अध्यायदेशहरु कहिले प्रमाणीकरण हुन्छन् भन्ने कुरा आफूले भन्न नसक्ने शाक्यले प्रस्ट् याए ।

'अध्यादेश ल्याउनकै लागि सरकारले आह्वान गरिसकिएको अधिवेशनसमेत स्थगित गरेको रहेछ भन्ने देखियो, होइन भने त्यसमा सरकारले जवाफ दिनुपर्छ,' संविधानविद् विपिन अधिकारीले भने, 'संसद्मा ठूलो पार्टीको नेतृत्वमा सरकार छ, संसद् छल्न हुँदैनथ्यो । संसदीय प्रक्रियाको असल अभ्यास पो थाल्नुपर्थ्यो ।'

संविधानको धारा ११४ मा 'संघीय संसद्का दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने' व्यवस्था छ । संविधानको यो प्रावधानले अध्यादेश ल्याउन दुईवटा अनिवार्य मापदण्ड तोकेको छ । पहिलो, संसद्को अधिवेशन नचलेको हुनुपर्‍यो । दोस्रो, ' तत्काल केही गर्न आवश्यक' भएको हुनुपर्‍यो । संसद्को अधिवेशन नचलेको अवस्था भए पनि ' तत्काल केही गर्न आवश्यक' नभएमा सरकारले अध्यादेश ल्याउन पाउँदैन ।

संविधानविद् भीमार्जुन आचार्यले अध्यादेशले गरेको व्यवस्था निष्क्रिय भएमा पुरानो व्यवस्था स्वतः कार्यान्वयन गर्ने गरी सर्वोच्च अदालतको पूर्ण इजलासले निर्णय गरिसकेकाले अहिले २०६६ मा संवैधानिक परिषद्सम्बन्धी ऐन बन्दाको समयको व्यवस्था हुबहु कार्यान्वयनमा रहेको बताए ।

नेकपाले पनि अध्यादेशको विरोध गरेको छ । केन्द्रीय संयोजन समितिको मंगलबारको बैठकले तुरुन्त संसद्को बजेट अधिवेशन बोलाउन माग गरेको छ । 'आफैंले आह्वान गरेको संसद् अधिवेशन आकस्मिक रूपमा स्थगित गरेर अध्यादेश अगाडि बढाउनु संसद्लाई छल्ने सरकारको गैरलोकतन्त्रिक कार्यको विरोध गर्दै तत्काल संसद् बोलाउन माग गर्दछौं,' नेकपा प्रवक्ता प्रकाश ज्वालाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

# मधेश सरकारको बजेट घटाइने संकेत

सुभाष कर्ण

जनकपुरधाम । मधेश प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माणको तयारी शुरु गरेको छ । यसपटकको तयारी अघिल्ला वर्षभन्दा फरक रहने भएको छ ।

मधेश प्रदेश सरकारले यसपटक सानो आकारको बजेट घटाएर ल्याउने भएको छ ।ठूलो आकारको बजेट ल्याउने परम्परालाई तोड्दै मधेश प्रदेश सरकारले सानो तथा कार्यान्वयनयोग्य बजेट बनाउने योजना रहेको जनाइएको छ । अर्थ मन्त्रालयले सबै मन्त्रालयसंग योजना तयार पार्न भनिसकेको छ भने चाँडै नै बजेट सिलिङ पठाउने आन्तरिक तयारी थालिएको छ ।




अर्थमन्त्री महेशप्रसाद यादवले जनाए अनुसार विगतमा स्रोत-साधनको मूल्यांकन नगरी बनाइएका बजेटहरूले प्रदेशलाई समस्यामा पार्दै आएकाले सानो आकारको बजेट ल्याउने तयारी थालिएको छ । प्रदेशको बजेट कागजमा ठूलो देखिए पनि व्यवहारमा कार्यान्वयन हुन नसक्ने योजनाले गर्दा रकम फ्रिज हुने छ भने अधुरा योजना बढ्ने र बजेट घाटा चुलिने समस्या दोहोरिँदै आएको अर्थमन्त्री यादवको भनाइ छ ।

अर्थमन्त्री यादवले भने, 'चालु आर्थिक वर्षमा झण्डै ४७ अर्ब रुपैयाँको बजेट ल्याइए पनि करिब १७ अर्ब घाटा हुने अवस्था देखिएको छ, त्यसैले यस्ता समस्यालाई निरुत्साहित गर्न आयश्रोतको क्षमता अनुसार नै बजेट ल्याउने तयारी थालेका छौं ।'

चालु आर्थिक वर्षमा ४६ अर्ब ९८ करोड रुपैयाँको बजेट ल्याउने सरकार आगामी आर्थिक वर्षमा बढीमा ३२ अर्ब रुपैयाँको बजेट ल्याउने तयारी अघि बढाइएको उनले प्रस्ट्याए । अर्थमन्त्री यादव भन्छन्, "अब हामी हचुवाको भरमा बजेट नल्याइ खर्च गर्न सकिने गरी बजेट बनाउदैं छौं ।"

अर्थमन्त्री यादवले जनाए अनुसार यसपटक बजेटको आकार घटाइए पनि प्रभावकारिता भने बढाउने लक्ष्य राखिएको छ । 'मधेश प्रदेश सरकारले साना, टुक्रे र राजनीतिक प्रभावमा परेका योजनालाई निरुत्साहित गर्ने नीति लिएको छ । अब एक करोड रुपैयाँभन्दा बढीको योजनाहरु मात्र समावेश गर्ने गरी तयारी भइरहेको छ' उनले भने ।

अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले जनाए अनुसार बजेट मार्गदर्शन र सिलिङको मस्यौदा तयार भइसकेको छ र त्यसबारे आन्तरिक छलफल चलिरहेको छ । प्रारम्भिक राजस्व प्रक्षेपण संघीय अर्थ

> **चालु आर्थिक वर्ष भन्दा झण्डै १ अर्ब २७ करोड अनुदान संघीय सरकारबाट पाएका मधेश सरकार घटेर अनुमानित एक अर्ब ११ करोड मात्र पाउने भएको छ ।**

मन्त्रालय र वित्त आयोगमा पेश गरिसकिएको छ । छलफल सकिएपछि मन्त्रालयहरूलाई औपचारिक रूपमा बजेट सीमा निर्धारण गरी मन्त्रालय सहित मातहतका निकायलाई सिलिङ्ग पठाइनेछ ।

चालु आर्थिक वर्ष भन्दा झण्डै १ अर्ब २७ करोड अनुदान संघीय सरकारबाट पाएका मधेश सरकार घटेर अनुमानित एक अर्ब ११ करोड मात्र पाउने भएको छ । अर्थ मन्त्रालयले पनि प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहलाई पठाउन त्यही आधारमा सिलिङ तयारी गरिरहेको छ । चैतको दोश्रो वा तेश्रो सातादेखि नै शुरु हुने बजेट तयारी यस पटक संघीय सरकारले गरेको ढिलाइका कारण प्रदेश सरकारहरुलाई पनि विलम्ब हुन गएको उनले बताए ।

यस वर्ष स्थानीय तहसँगको वित्तीय सम्बन्धमा पनि महत्वपूर्ण परिवर्तन गरिँदैछ । अघिल्लो अभ्यास अनुसार रकम सिधै स्थानीय तहलाई दिने प्रणालीमा पारदर्शिता र कार्यान्वयनसम्बन्धी प्रश्न उठ्दै आएका थिए । अब भने स्थानीय तहबाटै योजना प्रस्ताव माग गरिनेछ र ती योजनालाई प्रदेश बजेटमा समावेश गरिनेछ । योजना सञ्चालन स्थानीय तहले गर्ने भए पनि भुक्तानी प्रक्रिया प्रदेश सरकारबाटै हुने व्यवस्था ल्याउने तयारी छ ।

अर्थमन्त्री यादवका अनुसार राजश्व संकलन प्रणालीलाई थप पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाउने लक्ष्यसहित अध्ययन र सुझाव संकलनको काम भइरहेको छ । नयाँ स्रोतको खोजी, कर प्रशासन सुधार र चुहावट नियन्त्रणलाई प्राथमिकतामा राखिएको छ ।

मधेश प्रदेश सरकार ल्याउने लागेको बजेट 'ठूलो होइन, राम्रो बजेट' को अवधारणामा अघि बढाइएको छ र सीमित स्रोतसाधनभित्र रहेर प्रभावकारी खर्च गर्ने, योजना छनोटमा कडाइ गर्ने र कार्यान्वयनमा सुधार ल्याउने प्रयास गरिएको अर्थमन्त्री यादवले बताए ।

चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारको ४६ अर्ब ५८ करोड ३३ लाख रुपैयाँको बजेट रहेको छ ।

उक्त बजेटमध्ये चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख रुपैयाँ, पूँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख रुपैयाँ रहेको थियो ।

स्रोततर्फको आन्तरिक राजश्वतर्फ ९ अर्ब ५० करोड ८३ लाख वित्तीय समानीकरणतर्फ ७ अर्ब ७२ करोड १९ लाख, सशर्त अनुदानतर्फ ४ अर्ब २६ करोड १८ लाख, विशेष अनुदानतर्फ ३९ करोड ४५ लाखतथा मपूरक अनुदानतर्फ ३५ करोड ८२ लाख रुपैयाँ रहेको थियो ।

मधेश प्रदेश सरकारले राजश्व बाँडफाँटबाट १ अर्ब ३५ करोड रुपैयाँ, अघिल्लो वर्षको नगद मौज्दातबाट १० अर्ब ३८ करोड र आन्तरिक ऋणबाट २ अर्ब रुपैयाँ जुटाउने लक्ष्य लिएको थियो ।



# वीरगञ्ज हुँदै भित्रियो २६ अर्ब १३ करोडको सवारीसाधन र पार्टपूर्जा



वीरगञ्ज । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा रु २६ अर्ब १३ करोड मूल्य पर्ने सवारीसाधन र पार्टपूर्जा भित्रिएको छ।

गत आर्थिक वर्षको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा छ अर्ब ९४ करोड अर्थात् ३६.१९ प्रतिशत बढीको आयात भएको हो । जबकि गत आवको नौ महिनामा भने रु १९ अर्ब १९ करोड मूल्य पर्ने सवारीसाधन र पार्टपुर्जा भित्रिएको थियो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा सवारीसाधन र सोमा प्रयोग हुने पार्टपुर्जाको आयातमा बढोत्तरी भएको बताउनुभयो । चालु आवको नौ महिनामा सवार ीसाधनमा प्रयोग हुने पार्टपुर्जाको आयातबाट मात्रै रु १८ अर्ब २२ करोड राजस्व सङ्कलन भएको छ । जबकि गत आवको सोही अवधिमा भने सवारीसाधन आयातबाट मात्रै रु १४ अर्ब ८४ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको नौ महिनामा रु एक अर्ब १७ करोड मूल्य पर्ने ५९१ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको छ। जबकि गत आवको सोही अवधिमा भने रु एक अर्ब ६६ करोड मूल्य पर्ने ८०५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएको थियो। चालु आवको नौ महिनामा रु छ अर्ब ४२ करोड मूल्य पर्ने ४५ हजार ६२० वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ। जबकि गत आवको नौ महिनामा भने रु चार अर्ब ६७ करोड मूल्य पर्ने ३५ हजार ७९९ वटा मोटरसाइकल (अन एसेम्वल्ड) आयात भएको छ।

त्यस्तै चालु आवको नौ महिनामा रु दुई अर्ब चार करोड मूल्य पर्ने २१ हजार ६३९ वटा ट्र्याक्टर तथा टिलर आयात भएको छ। जबकि गत आवको नौ महिनामा भने रु एक अर्ब ३५ करोड मूल्य पर्ने १३ हजार ८६१ वटा ट्र्याक्टर तथा टिलर आयात भएको छ।

चालु आवको नौ महिनामा रु दुई अर्ब ९८ करोड मूल्यका विद्युतीय सवारीसाधन भित्रिएको छ। गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात १०२ प्रतिशत अर्थात् रु एक अर्ब ५० करोड बढी आयात भएको हो। जबकि गत आवको नौ महिनामा भने रु एक अर्ब ४८ करोड मूल्यका विद्युतीय सवारीसाधनको आयात भएको छ।

चालु आवको नौ महिनामा रु एक अर्ब ४६ करोड मूल्य पर्ने ४९३ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएको छ। जबकि गत आवको सोही अवधिमा भने रु ४८ करोड मूल्य पर्ने १७२ वटा विद्युतीय चल्ने जीप, कार र भ्यान आयात भएको थियो। रासस

# धार्मिक पर्यटनको केन्द्र बन्दै पञ्चधुरा माइ



जलेश्वर । महोत्तरीको बर्दिबास नगरपालिका-४ माईस्थानमा अवस्थित पञ्चधुरा भगवतीको मन्दिरमा पूजाआर्चना गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गएको छ।

रमणीय र शान्त वातावरणमा पूजाआर्चना गर्नका लागि आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरु यहाँ आउने क्रममा वृद्धिभएसँगै पछिल्लो समय यो पर्यटन आकर्षणको केन्द्र बन्दै गएको हो। पञ्चधुरामाईलाई शक्तिपीठको रूपमा पूजा गरिन्छ, जहाँ मनोकांक्षा पूरा हुने विश्वासका साथ भक्तजनहरू आउने गर्छन् ।

विशेषगरी मङ्गलबार र विशेष पर्वहरूमा पूजा गर्न आउने श्रद्धालुहरूको ठूलो भीड यहाँ लाग्ने गर्दछ। बर्दिबासको आसपासका क्षेत्रमा धार्मिक र पर्यटकीय स्थलहरूको विकास हुँदै जाँदा पञ्चधुरा मन्दिरले स्थानीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलिरहेको पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले बताउनुभयो।

धार्मिक एवं पुरातात्विक महत्वको यो मन्दिर इतिहासको कालखण्डमा यस क्षेत्रभित्र रहेको घना जङ्गलभित्र फेलापरेको थियो।

स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार त्यस बेला यस मन्दिरमा विशालकाय भएको पिपलको वृक्ष थियो । त्यस अद्भूत पिपलको विशालकाय वृक्षको फेदीमा पाँचवटा टोडका थियो र त्यस टोडकाबाट अविरल रूपमा जलधारा (पानी) बगिरहने हुँदा यस मन्दिरको नाम पनि पञ्चधारा राखिएको किंवदन्ती छ । पछि यही ‘पञ्चधारा’ अपभ्रंश हुँदै पञ्चधुरा भएको स्थानीयवासी बताउँछन् ।

पञ्चधुरा भगवतीको मन्दिर जति प्राचीन एवं पौराणिक छ, त्यत्तिकै यसको ऐतिहासिक महत्व पनि छ । श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले १९३३ सालमा सिकार खेल्नका लागि मधेसको बहादुरगन्ज क्षेत्रको बर्दिबास-माईस्थान जङ्गलमा जानुभएको थियो । त्यस क्रममा उहाँले ‘सेतो बाघ’ देख्नुभएको थियो । उहाँले बन्दुकको निशाना सेतो बाघतिर लगाउँदा बाघ पञ्चधुरा मन्दिरमा विलय भएको किंवदन्ती छ।

**यो मन्दिर इतिहासको कालखण्डमा यस क्षेत्रभित्र रहेको घना जङ्गलभित्र फेलापरेको थियो । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार त्यस बेला यस मन्दिरमा विशालकाय भएको पिपलको वृक्ष थियो । त्यस अद्भूत पिपलको विशालकाय वृक्षको फेदीमा पाँचवटा टोडका थियो र त्यस टोडकाबाट अविरल रुपमा जलधारा (पानी) बगिरहने हुँदा यस मन्दिरको नाम पनि पञ्चधारा राखिएको किंवदन्ती छ ।**

उपन्यासकार डायमण्डशम्शेर राणाले लेख्नुभएको चर्चित उपन्यास ‘सेतो बाघ’मा पनि यो सन्दर्भ उल्लेख गर्नुभएको पाइन्छ । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले पञ्चधुरा भगवतीमाथि कुदृष्टि लगाए र उनलाई माताको श्राप लाग्यो ।

सोही कारण उनको सर्लाही जिल्लाको पत्थरकोटमा १९३३ साल फागुन १३ गते मृत्यु भएको थियो । जुन घटना १४८ वर्षअघिको हो ।

श्री ३ जङ्गबहादुर राणाले सिकार खेल्ने क्रममा यसै मन्दिरको परिसरमा सेतो बाघ देखेपछि उनी बिरामी पर्नुभएको थियो र पछि त्यही सेतो बाघ उनको मृत्युको कारण बनेको स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूको भनाइ छ।

यस भगवती मन्दिरमा अपार तान्त्रिक शक्ति पनि भएको जनविश्वास छ। त्यही कारण यहाँ भाकल गर्ने र बलि दिनेको पनि भीड लाग्ने गर्दछ । यहाँ चिताएको मनोकामना पूरा हुने र मनमा ठानेका कार्य सिद्ध हुने विश्वासका कारण पछिल्ला केही वर्षदेखि यस मन्दिरमा बिहे, व्रतबन्ध, पूजाआजा, होमजापजस्ता धार्मिक एवं सामाजिक कार्यक्रम गर्नेहरूको संख्या बढ्दै गएको छ।

यस मन्दिरमा बिहे गरेमा दाम्पत्य जीवन सुखमय हुने र चाँडै सन्तति सुख मिल्ने जनविश्वासका साथ विवाह गर्ने जोडीले यस मन्दिर परिसरमा आउने गर्छन् । यसैगरी, पछिल्लो दिनमा यस मन्दिरमा पिकनिक खाने, मनोरञ्जन गर्ने तथा घुमफिर गर्नेहरूले पनि मन्दिर भरिभराउ देखिन्छ। धार्मिक, ऐतिहासिक एवं प्राचीन महत्व बोकेको यस पञ्चधुरा भगवती मन्दिर हिन्दू धर्मावलम्बीहरूको ठूलो आस्थाको केन्द्र बनेको छ।

नेपालको पूर्वपश्चिम राजमार्गसँगै टाँसिएर रहेका कारण यस मन्दिरमा आउन तथा यहाँ पूजाआजा र दर्शन गर्न निकै सहज र सुगम हुने गरेको छ । बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्रीले यो प्राचीन धरोहरलाई उचित प्रवर्द्धन गरी नगरको धार्मिक पर्यटनमा आशातित योगदान पुर्याउने उद्देश्यले बर्दिबास नगरपालिकाले मन्दिर परिसरमा रहेको तलाऊ सौन्दर्यकरणमा बजेट विनियोजन गरेको बताउनुभयो ।

स्थानीय सुदीप कार्कीले पञ्चधुरा माई मन्दिरलाई पर्यटकीयस्थलका रूपमा विकास गर्न जरुरी रहेको बताउँदै मन्दिरको सौन्दर्यकरण गरेर यसको पुरातात्विक र ऐतिहासिक पक्षलाई उजागर गर्न आवश्यक रहेको जिकिर गर्नुभयो ।

त्यस्तै होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेश प्रदेशका अध्यक्ष हीरा गौतमले यस भगवती मन्दिरलाई धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने काम थालिसकिएको बताउँदै मन्दिरलाई व्यवस्थित गर्न पुरानो पोखरीको सौन्दर्यीकरण भइरहेको र पोखरीमा पानीको व्यवस्थापन पनि गरिने उल्लेख गर्नुभयो। उहाँले धार्मिक इतिहास बोकेको यस मन्दिरलाई बृहत् रूपमा संरक्षण र व्यवस्थापन गर्न आवश्यक रहेको आवश्यकता पनि औँल्याउनुभयो।

त्यसैगरी, पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले यस मन्दिरमा निरन्तर रूपमा विकासका काम भइरहेको उल्लेख गर्दै यसको व्यवस्थित विकासका लागि डिपिआर बनाउने काम पनि भइरहेको जानकारी दिनुभयो।

इतिहासको साक्षीका रुपमा रहेको यस मन्दिरको संरक्षण र विकासका लागि स्थानीयवासीले प्रयास जारी राखेका छन् । पछिल्ला समयमा यसको संरक्षण र विकासलाई उच्च प्राथमिकतामा दिइरहेको अध्यक्ष तामाङको भनाइ छ। रासस

# मासु उपभोक्ता ठग्नेलाई कारवाहीको चेतावनी

टुडे समाचारदाता



जनकपुरधाम । मासुमा मिसावट गरी अस्वस्थ्यकर तरिकाले बेच्ने व्यवसायीलाई कारवाहीगर्ने चेतावनी जनकपुरधाम उपमहानगरपालिकाले दिएको छ । जनकपुरधामको मासु बजारमा खसीको नाममा बाख्राको मासु बिक्री गर्ने, तथा अस्वस्थकर तरिकाले मासु तयारी गर्ने प्रवृत्ति बढ्दै गएको पाइएपछि उपमहानगरपालिकाले कारवाहीको चेतावनी दिएको हो।

स्थानीय उपभोक्ताहरुबाट बाख्राको मासुलाई खसीको नाममा बेचिरहेको गुनासो बढेपछि जनकपुरधामउपमहानगरपालिकाको कार्यालयले बुधवार एक सूचना जारी गर्दै मासु व्यवसायीहरुलाई सचेत गराएको छ । सूचनामा उपमहानगरपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण मासु पसल तथा विक्रेताहरूलाई मिसावट नगरी मासु बिक्री वितरण गर्न निर्देशन दिइएको छ।

‘खसीको मासु भन्दै बाख्राको मासु बिक्री गरेको पाईए कानुन बमोजिम कारबाही गरिने सूचनामा उल्लेख गरिएको छ । चाडै बजार अनुगमनलाई तिव्रता दिई उपभोक्ताको स्वास्थ्यसंग खेलवाड गर्ने र ठगी गर्नेलाई कानुनी दायरामा ल्याईने जनकपुरधाम उपमहानगरपालिका कृषि तथा पशुपन्छी विकास शाखाका पशु चिकित्सक डा. अमर कुमार साहले जानकारी दिएका छन । डा.साहले उपमहानगरपालिकाले सबै सरोकारवालासँग सहकार्य गर्दै बजारमा पारदर्शिता कायम गर्ने लक्ष्य लिएको बताए।

हाल बजारमा खसीको मासु प्रतिकिलो एक हजार एक सयदेखि एक हजार दुई रुपैयाँसम्ममा बिक्री भइरहेको छ। तर, केही मासु व्यवसायीहरूले सस्तोमा किनिएको बाख्राको मासु मिसावट गरी खसीको मूल्यमा बिक्री गरेर उपभोक्तालाई ठगी गरिरहेका छन् । व्यापारीहरूले जिउँदो बाख्रा प्रतिकिलो ३००-४०० रुपैयाँमा खरिद गरी उच्च मूल्यमा बेच्ने गरेको गुनासो उपभोक्ताबाट आउन थालेपछि उपमहानगरपालिकाले कारवाही प्रक्रियातर्फ अघि बढेको हो।

मासुमा विभिन्न केमिकल प्रयोग गरेर गन्ध हटाउने, रंग परिवर्तन गर्ने र पुरानो मासु नयाँझैँ बनाइने काम हुँदै आएको छ । त्यसको असर सर्वसाधारणको स्वास्थ्यमा पर्ने भएकाले जनकपुरधाम उपमहानगरपालिकाले बजारमा खसीको नाममा बोकाको मासु बिक्री भइरहेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

उपमहानगरपालिकाभित्र संचालित अधिकांश मासु पसलको दर्ता छैनन् । मासुको मूल्यमा एकरूपता छैन, विक्रीका लागि कुनै मापदण्ड छैन । मासु काट्ने ठाउँ फोहोर छ।

# हावाहुरी र चट्याङले विमान उडान रद्द, यात्रुहरू अलपत्र

टुडे समाचारदाता

जनकपुरधाम । बुधवार दिउंसो काठमाडौसहित देशभर आएको हावाहुरी र चट्याङ्गका कारण जनकपुरधामका हवाई सेवा प्रभावित हुँदा धैरै उडानहरू रद्द भएका छन् र यात्रुहरू अलपत्र परेका छन् ।

प्राप्त जानकारीअनुसार बुधबार दिउँसो १ बजेदेखि बजेदेखि साँझ ७ बजेसम्म जनकपुरधामबाट काठमाडौ जानेने चारवटा उडान रद्द भएका छन्। जनकपुर जनकपुरधाम आउन नसक्दा विमानहरू रद्द भएको जनाइएको छ

उडान रद्द हुँदा जनकपुर र काठमाडौं दुवै विमानस्थलमा यात्रुहरू अलपत्र परेका छन्। बुधबार दिउँसोदेखि नै यात्रुहरू विमानस्थलमै कुर्न बाध्य भएका छन्।

यसैबीच, हावाहुरी र चट्याङकै कारण भरतपुर र नेपालगञ्ज बाट काठमाडौं जाने केही विमानहरू काठमाडौंमा अवतरण गर्न नसकी जनकपुरधाममा अवतरण गरेका



विमानस्थलका इन्चार्ज विजय सिंहका अनुसार बुद्ध एअरको १:२०, २:५५, ५:५० र ६:४० बजेका र यति एअरको एउटा विमान उडानहरू पनि प्रभावित भई सञ्चालन हुन सकेनन् । काठमाडौंबाट आउने विमानहरू समेत मौसम प्रतिकूलताका कारण छन्। ती विमानहरू हाल जनकपुर विमानस्थलमै रोकिएका छन्।

मौसम प्रतिकूल रहँदा हवाई सेवा पूर्ण रूपमा प्रभावित भएको जनकपुर विमानस्थल प्रशासनले जनाएको छ। यात्रुहरूलाई मौसम सुधार भएपछि मात्र उडान सुचारु हुने जानकारी दिइएको छ।

# खानेपानी तत्कालिन प्रमुखमाथि भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता

जनकपुरधाम । भ्रष्टाचार आरोपमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कलैयाका तत्कालीन निमित्त कार्यालय प्रमुख किशोरीप्रसाद यादवमाथि मुद्दा दर्ता भएको छ । उनीमाथि करिव डेढ करोड रुपैयाँ बराबरको भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

यादवको सुरू नियुक्ति मिति २०४७ असार ३१ गतेदेखि २०८० पुस ९ सम्मको अवधि जाँच गर्दा सम्पत्तिको स्रोत नखुलेको दाबीसहित बुधबार (वैशाख १६) विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको जनाइएको छ ।

यादवको वैधानिक आम्दानीतर्फ पारिश्रमिक आय, भत्ता आय, घरग्गा बिक्री आय, ऋण सापटी लिएको रकम, ब्याज आय रकम, कृषि आय रकम, छोरा तथा श्रीमतीको आय गरी जम्मा तीन करोड ४६ लाख २१ हजार रुपैयाँ बराबर आय देखिएको अख्तियारको दाबी छ।




उक्त जाँच अवधिमा निज तथा निजको एकासंगोल परिवारका सदस्यहरूको व्ययतर्फका शीर्षकहरू जग्गा खरिद, घर निर्माण, सेयर खरिद, सवारीसाधन खरिद रकम, अध्ययन खर्च, ऋण सापटी तिरेको रकम, विद्युतीय उपकरण खरिदबापतको रकम, आन्तरिक सजावट खर्च र अन्तिम बैंक मौज्दात गरी जम्मा चार करोड ९३ लाख दुई हजार ६२६ रूपैयाँ ९९ पैसा खर्च भएको अख्तियारले अभियोगमा भनेको छ।

कुल आयभन्दा कुल व्यय एक करोड ४६ लाख ८१ हजार २२५ रूपैयाँ ९० पैसा बढी भई स्रोत पुष्टि नभएको अख्तियारले जनाएको छ । यसरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति श्रीमती निर्मला कुमारीको नाममा समेत रहेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुरुप बिगो जफत, त्यति नै जरिवाना र जेल सजायको माग अख्तियारले गरेको छ । यादवकी श्रीमती निर्मला कुमारीको नाममा रहेको सम्पत्ति समेत जफत गर्न अख्तियारले अदालत समक्ष माग गरेको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : पुरानो लगानी वा प्रयासबाट न्यायसंगत लाभ प्राप्त हुने सम्भावना छ।
वृष : बौद्धिक तथा सृजनात्मक क्षेत्रमा सम्मान प्राप्त हुनेछ।
मिथुन : नयाँ कार्यको सुरुवातका लागि अनुकूल समय छ।
कर्कट : आर्थिक पक्ष मबजुत बन्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ।
सिंह : निर्णयमा सावधानी आवश्यक देखिन्छ।
कन्या : आम्दानीका नयाँ स्रोतहरु खुल्नेछन्।
तुला : प्रभावशाली व्यक्तिहरुसंग सम्बन्ध विस्तार हुनेछ।
वृश्चिक : अघिल्ला बाधा र अवरोध हट्दै कार्यहरु पूर्ण हुनेछन्।
धनु : कठोर परिश्रमको उचित प्रतिफल प्राप्त हुनेछ।
मकर : शैक्षिक तथा बौद्धिक उन्नतिको अवसर प्राप्त हुनेछ।
कुम्भ: मनोबलमा केही उतारचढाव आउन सक्छ।
मीन: सामाजिक प्रतिष्ठा र सम्मानमा वृद्धि हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# शिक्षामा सीप 'स्केचिङ एण्ड स्कल्पचर प्रदर्शनी' शुरु



काठमाण्डु। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानमा शिक्षामा सीप 'स्केचिङ एण्ड स्कल्पचर प्रदर्शनी २०२६' आजदेखि प्रतिष्ठानमा शुरु भएको छ।

प्रतिष्ठान तथा काठमाण्डु महानगरपालिकाको सहकार्यमा महानगर अन्तर्गतका सार्वजनिक विद्यालयमा शिक्षामा सीप कार्यक्रमअन्तर्गत 'स्केचिङ एण्ड स्कल्पचर' मोड्युलको तालिममा सहभागी विद्यार्थीद्वारा सिर्जना गरिएका कलाकृति प्रर्दशनीमा समेटिएको हो।

प्रदर्शनीको नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र काठमाण्डु महानगरपालिका शिक्षा विभाग प्रमुख नमराज ढकालले उद्घाटन गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि प्रतिष्ठानका कुलपति हार्तम्छालीले प्रतिभाशाली नवप्रतिभाको सिर्जना प्रदर्शनीमा देख्न पाउँदा खुसी लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "विगतमा महानगरप्रमुख रहँदा हालका सम्माननीय प्रधानमन्त्री बालेन शाह र अहिलेका कार्यवाहक नगरप्रमुख सुनिता डङ्गोलले पनि यसको 'कन्सेप्ट'मार्फत सिर्जनशील अतिरिक्त क्रियाकलापलाई शिक्षासँग जोडेर विशेष प्राथमिकता दिइ अघि बढाउनुभएको हो। यसको जस उहाँहरूलाई पनि जान्छ।"

कार्यक्रम संयोजक प्रतिष्ठानका बहुआयामिक तथा अन्य सिर्जनात्मक कला विभाग प्रमुख सौरगङ्गा दर्शनधारीले शिक्षामा सीप 'स्केचिङ एण्ड स्कल्पचर' कार्यक्रम सुरुआती वर्षदेखि झन्झन् राम्रो हुँदै गएको बताउनुभयो।

काठमाण्डु महानगरपालिका शिक्षा विभाग प्रमुख नमराज ढकालले प्रतिष्ठान र महानगरबीचको सहकार्यमा भएको यस कार्यक्रमले विद्यार्थीमा नीहित सिर्जनशीलतालाई उजागर गर्न सहयोग गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "भोलिका दिनमा सिकेका सीपलाई अझ बढोत्तरी गर्दै लैजानुहोला। आगामी दिनमा यस कार्यक्रमलाई अझ परिष्कृत गर्दै लैजाने छौं।" रासस

# एमआरपी कार्यान्वयनमा व्यावहारिकता अपनाउन जोड



काठमाण्डु। नेपाल चेम्बर अफ कमर्सले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवलाई भेट गरी समग्र उद्योग-व्यवसाय क्षेत्र सुधारका लागि विस्तृत सुझाव प्रस्तुत गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर राउतको उपस्थिति रहेको उक्त भेटका क्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री यादवलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै वर्तमान चुनौतीपूर्ण अवस्थामा निजी क्षेत्रसँग सहकार्य गर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यवसायीको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको हो।

सो अवसरमा मन्त्री यादवले नेपाल चेम्बर अफ कमर्सले मुख्य रुपमा उठाएको एमआरपीको समस्यालगायत प्रस्तुत सुझावउपर छलफल गरी निजी क्षेत्रका लागि सकारात्मक वातावरण तयार पार्ने दिशामा सरकार अघि बढ्ने बताउनुभयो। भेटका क्रममा चेम्बर टोलीले विशेषगरी भन्सार विन्दुमा आयात हुने वस्तुहरूमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने व्यवस्था व्यवहारतः जटिल र प्रक्रियागत कठिनाइ रहेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा पुनर्विचार गर्न सरकारलाई सुझाव दिएको छ।

सानो परिमाणमा हुने आयातका कारण विदेशी निर्यातकर्ताले एमआरपी वा लेबल व्यवस्थापन गर्न नचाहने, अन्तरराष्ट्रिय बजारमा वस्तुको मूल्य निरन्तर परिवर्तन भइरहने, दैनिक रूपमा विनिमय दरमा उतारचढाव आउने तथा हार्मोनाइज्ड कोडको सुनिश्चितता नभएका कारण भन्सार एवं अन्तःशुल्क दरबन्दीमा फरक परिरहने साथै भन्सार परिसरमा पूर्वाधारको अभावले त्यस्ता स्टिकर, लेबल राख्न सम्भव नहुने चेम्बरले जनाएको छ।

चेम्बरले एमआरपीसम्बन्धी नीति बनाउँदा अन्तरराष्ट्रिय व्यापारको यथार्थ, मूल्य अस्थिरता र आयात प्रक्रियाका व्यावहारिक पक्षलाई ध्यानमा राख्नुपर्नेमा जोड दिएको छ। साथै उपभोक्ता संरक्षण र पारदर्शिता कायम गर्ने उद्देश्यलाई ध्यानमा राख्दै लचिलो र प्रविधिमैत्री प्रणाली विकास गर्नुपर्ने सुझाव दिएको छ।

यसैगरी, चेम्बरले निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा कम गर्न सरकारको ध्यानाकर्षण गराएको छ। स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादन वृद्धि, मूल्य अभिवृद्धि गर्ने उद्योगलाई प्रोत्साहन, निर्यात अनुदान वृद्धि र सातै प्रदेशमा 'निर्यात गृह' स्थापना गर्नुपर्ने प्रस्ताव अघि बढाइएको छ। भारत-युरोप स्वतन्त्र व्यापार सम्झौताले नेपालको निर्यातमा पर्ने प्रभावलाई ध्यानमा राख्दै वैदेशिक व्यापार नीतिमा समयानुकूल परिमार्जन आवश्यक रहेको पनि चेम्बरले जनाएको छ।

निजी क्षेत्रको लगानी प्रवर्द्धन, स्टार्टअप र युवा उद्यमशीलता विकास, व्यवसाय दर्ता तथा कर प्रणालीको डिजिटाइजेसन, साना तथा मझौला उद्योगलाई सहुलियत तथा आपूर्ति प्रणाली सुदृढीकरणका विषयमा चेम्बरले सरकारलाई सुझाव दिएको छ। चेम्बरले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रलाई सबल बनाउन सुशासन, पारदर्शिता र निजी क्षेत्रसँगको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री यादवको कार्यकाल सफल हुने विश्वास व्यक्त गरेको छ। रासस

# वन्यजन्तु प्रभावित क्षेत्रमा सेन्सरयुक्त सौर्यबत्ती जडान



कञ्चनपुर। शुक्लाफाँटा नगरपालिकाले वन्यजन्तुबाट प्रभावित बस्तीमा स्वचालित (सेन्सरयुक्त) सौर्यबत्ती जडान गरेको छ। अँध्यारोका कारण राति वन्यजन्तुको जोखिम बढी हुने क्षेत्रहरूमा सौर्यबत्ती जडान गरिएसँगै सुरक्षा तथा सहजता दुवैमा सुधार आएको छ।

नगरपालिकाले चालु आर्थिक वर्षमा प्रदेश सरकारको विशेष अनुदानअन्तर्गत रु ३५ लाख बजेटमा यो कार्यक्रम सञ्चालन गरेको हो। नगरपालिकाको पूर्वाधार शाखाका प्रमुख दीपक धामीका अनुसार १२ वटै वडामा वन्यजन्तुको अत्यधिक जोखिम रहेका ३० स्थानको पहिचान गरी सौर्यबत्ती जडानको कार्य गरिएको छ।

वडा नं १ मा तीन, वडा नं २ मा दुई, वडा नं ३ मा दुई, वडा नं ४ मा दुई, वडा नं ५ मा तीन, वडा नं ६ मा चार र वडा नं ७ मा तीन वटा सौर्यबत्ती जडान गरिएका छन्। त्यसैगरी वडा नं ८ मा तीन, वडा नं ९ मा दुई, वडा नं १० मा एक, वडा नं ११ मा दुई र वडा नं १२ मा तीन वटा सौर्यबत्ती जडानको कार्य सम्पन्न गरिएको छ।

सौर्यबत्तीमा सेन्सर प्रणाली जडान गरिएको छ। सेन्सरयुक्त सौर्यबत्ती साँझ हुँदै गर्दा स्वतः बल्ने र बिहान उज्यालो भएपछि आफैँ निभ्ने सुविधा प्रदान गर्छ। यसले विद्युत् खपत नगरी वातावरणमैत्री रूपमा प्रकाश उपलब्ध गराउने भएकाले दिगो र किफायती उपायका रूपमा समेत लिइएको छ।

नगरपालिकाको ऊर्जा समितिका संयोजक दानबहादुर ऐरले वन्यजन्तु प्रभावित क्षेत्रमा सौर्यबत्ती जडान गर्नुको मुख्य उद्देश्य स्थानीय बासिन्दाको सुरक्षामा प्रमुख रहेको बताउनुभयो। "रातिको समयमा अँध्यारोका कारण हात्ती, बाघ, चितुवाजस्ता वन्यजन्तु बस्ती नजिक आउने जोखिम उच्च हुन्छ", उहाँले भन्नुभयो, "सौर्यबत्तीको उज्यालोले वन्यजन्तुलाई बस्ती नजिक आउन निरुत्साहित गर्ने र बासिन्दालाई सतर्क रहन सहयोग पुग्ने विश्वास लिएका छौं।रासस

# धानखोला-लमही सडकखण्ड स्तरोन्नति थालियो



काठमाण्डु।मिलेनियमच्यालेञ्ज कर्पोरेशन (एमसिए) नेपालले बुधबार पूर्व-पश्चिम राजमार्गको ४० किमि लामो धानखोला-लमही सडकखण्ड स्तरोन्नति कार्य औपचारिक रूपमा शुभारम्भ गरेको छ। उक्त सडक स्तरोन्नति तथा मर्मत कार्यका लागि नेपालमै पहिलोपटक गुणस्तर, टिकाउपना र दिगोपनाको दृष्टिकोणबाट लाभदायी अत्याधुनिक निर्माण प्रविधि 'फूल डेप्थ रिक्लेमेशन' र 'सुपरपेभ आस्फाल्ट' प्रयोग गरिँदैछ।

बलियो एवं टिकाउ सडक निर्माण गरेर, पहिल्यै भएका आस्फाल्ट पदार्थ पुनःप्रयोग गरेर तथा वातावरणीय प्रभाव न्यूनीकरण गरेर सो पद्धतिले सडक मर्मतमा गरिएको लगानीलाई दीर्घकालका लागि थप भरपर्दो तथा लागत प्रभावकारी बनाउन सहयोग गर्नेछ। यस आयोजनाले सडकको दुवैतर्फ सात मिटर चौडा क्यारिजवे र साढे दुई मिटर चौडा सोल्जर निर्माण गरेर सडकलाई १२ मिटर चौडा पनि बनाउनेछ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सडक गुणस्तरीय बनाउन तथा टिकाउपना सुनिश्चित गर्ने एफडीआर तथा सुपरपेभजस्ता अत्याधुनिक प्रविधि प्रयोगको सराहना गर्नुभयो। "यो राजमार्गमा हरेक दिन निर्भर रहेको हाम्रो प्रदेश र यहाँका जनताका लागि यो एउटा महत्वपूर्ण अग्रगामी कदम हो। यो सडकखण्डको स्तरोन्नतिले यात्रालाई थप सुरक्षित र भरपर्दो बनाउने मात्र नभई स्थानीय व्यवसायी, किसान तथा उद्यमीका लागि नयाँ अवसर सिर्जना गर्नेछ", उहाँले उल्लेख गर्नुभयो।

नेपालका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमले भन्नुभयो, "धानखोला-लमही सडकखण्ड स्तरोन्नति शुभारम्भ कार्य संयुक्त राज्य अमेरिका तथा नेपालबीचको साझेदारीका सन्दर्भमा महत्वपूर्ण कोशेढुङ्गा हो। एमसिसी नेपाल कम्प्याक्टमार्फत हामी ढुवानी लागत घटाउने, सुरक्षा वृद्धि गर्ने तथा समुदायलाई बजार र अवसरसँग जोड्ने उच्च गुणस्तरका दिगो पूर्वाधारमा लगानी गर्दैछौँ। यस आयोजनाले नेपालको भविष्यप्रति हाम्रो विश्वास र दिगो आर्थिक वृद्धिका लागि संयुक्त निष्ठालाई प्रतिविम्बित गर्छ।"

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले भन्नुभयो, "एमसिए-नेपालको लगानी नेपाल सरकारका योजना तथा कार्यक्रमका पूरकका रूपमा तयार गरिएको हो। यो सहकार्यले सबल पूर्वाधार निर्माण र हाम्रा समुदायका लागि आर्थिक अवसर विस्तारप्रति हाम्रो साझा प्रतिबद्धता प्रतिविम्बित गर्छ। यो आयोजना समयमै सम्पन्न हुने विश्वास छ।"

एमसिसीका राष्ट्रिय आवासीय उपनिर्देशक सञ्जय पौड्यालले यो महत्वपूर्ण कदमले दीर्घकालीन कार्यसम्पादन सुनिश्चित गर्ने अत्याधुनिक प्रविधि प्रयोग गरेर सबल एवं लागत प्रभावकारी पूर्वाधार निर्माणमा नेपाललाई सघाउने एमसिसीको प्रतिबद्धतालाई प्रतिविम्बित गरेको उल्लेख गर्नुभयो।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले धानखोला-लमही सडकखण्ड स्तरोन्नति कार्यको थालनी एमसीसी नेपाल कम्प्याक्टअन्तर्गतको सडक मर्मत आयोजना कार्यान्वयनका सन्दर्भमा महत्वपूर्ण कदम भएको बताउनुभयो। एमसिए-नेपाल यो आयोजना प्रभावकारी रूपमा, पारदर्शितापूर्वक तथा उच्चतम गुणस्तरसहित सम्पन्न गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। सडक मर्मत आयोजना एमसिसी नेपाल कम्प्याक्टको महत्वपूर्ण अंश हो। यसले ढुवानी लागत घटाउने तथा नेपालका सडकको अवस्थामा सुधार ल्याउने उद्देश्य राखेको छ। रासस

# विश्वकीर्तिमानी बाबुछिरी शेर्पाको २५औं स्मृति दिवस



काठमाण्डु। विश्व कीर्तिमानी सगरमाथा आरोही बाबुछिरी शेर्पाको २५औं स्मृति दिवस आज विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ।

दिवसका अवसरमा सगरमाथा आरोही सङ्घ, बाबुछिरी शेर्पा फाउण्डेशन, परिवारजन र सहकर्मी पर्वतारोहीले तिलगङ्गा, गौशालामा अवस्थित शालिक तथा सङ्ग्रहालयमा आज आयोजित कार्यक्रममा धर्मगुरुले बौद्ध परम्पराअनुसार शान्तिको कामनासहित पूजापाठ गर्नुभएको थियो।

सङ्घकी अध्यक्ष माया शेर्पा, वरिष्ठ उपाध्यक्ष दिवस पोखेल, अल्पाइन स्पोटस् एशोसिएसन इन्क, अमेरिकाका अध्यक्ष नवाङ डिमा शेर्पा, बाबुछिरी शेर्पा फाउण्डेशनका उपाध्यक्ष पेम्बा ग्याल्जेन शेर्पा लगायतले सालिकमा माल्यार्पण, दीप प्रज्ज्वलन तथा श्रद्धाञ्जली अर्पण गर्दै स्व शेर्पाले नेपालमा विश्वसामु चिनाउन सफल हुनुभएको उल्लेख गर्नुभयो।

सो अवसरमा वक्ताहरुले बाबुछिरीका नाममा शिक्षा, स्वास्थ्य तथा हिमाली समुदायको उत्थानका लागि सञ्चालन भइरहेका विभिन्न सामाजिक कार्यक्रमकाबारेमा जानकारी दिनुका साथै नयाँ पुस्तालाई पर्वतारोहणतर्फ आकर्षित गर्न र सुरक्षित आरोहण संस्कृतिको प्रवर्द्धन गर्ने पहल जारी रहेको बताइयो।

सन् १९९० मा फ्रेन्च एभरेष्ट एक्सपिडिसनका मार्क वटार्डसँग गएको आरोहणमा जानुभएका बाबुछिरीले सन् १९९९ मा सगरमाथाको टाकुरामा २१ घण्टाविना अक्सिजन बिताएर विश्वकीर्तिमान राख्न सफल हुनुभएको थियो। रासस

# 'माथिल्लो म्याग्दी' जलविद्युत् आयोजना : १३ महिनामा ५० प्रतिशत भौतिक प्रगति

म्याग्दी। म्याग्दीको धवलागिरि गाउँपालिकामा निर्माणाधीन 'माथिल्लो म्याग्दी' जलविद्युत् आयोजना निर्माण सुरु भएको १३ महिनाको अवधीमा ५० प्रतिशत भौतिक प्रगति भएको छ।

हाइड्रो इम्पायर लिमिटेड प्रवर्द्धक रहेको ४६ दशमलव २५ मेगावाट क्षमताको आयोजनाले २०८३ चैत महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने लक्ष्यसहित बाँध, सुरुङ, विद्युत्गृह, प्रसारण लाइन, 'हाइड्रो' र 'इलेक्ट्रोमेकानिकल' तर्फका निर्माणलाई समानान्तरण रूपमा तीव्रता दिएको हो। विसं २०८१ चैत महिनादेखि निर्माण थालिएको आयोजनाको ५० प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख रमेश सुवेदीले जानकारी दिनुभयो।

"सुरुङसहितका भूमिगत संरचनालाई अबको आठ महिनाभित्र सकेर फिनिसिङमा लैजाने कार्ययोजनाअनुसार काम अघि बढाएका छौँ", उहाँले भन्नुभयो, "सिभिल ठेकेदारले सुरुङ, बाँध र विद्युत्गृहको काम तीव्रताका लागि गरिरहेको छ भने प्रसारण लाइन र पेनस्टेक पाइपलाइनको काम पनि चाँडै सुरु हुँदैछ।"

छ हजार ४२५ मिटर मुख्य सुरुङसहित सम्पूर्ण भूमिगत संरचनामध्ये मङ्गलबारसम्म चार हजार २२० मिटर सम्पन्न भएको आयोजना प्रमुख सुवेदीले बताउनुभयो। धवलागिरि गाउँपालिका-४ सिङकोश दोभानमा बाँध र घिम्लेटी (खारपानी)मा



विद्युत्गृह निर्माणाधीन छ।

बाँधस्थल, चेचुङको अडिट र घिम्लेटीको आउटलेटबाट सुरुङ निर्माण भइरहेको छ। घिम्लेटीमा आयोजनाको प्रशासनिक भवन निर्माण भएको छ। आउटलेटबाट विद्युतगृहसम्म आठ सय ४३ मिटर लामो 'पेनस्टक' पाइपलाइन रहनेछ। यो आयोजना 'रन अफ द रिभर' (नदी प्रभाहमा आधारित) हो।

बाँध, 'इन्टेक' र विद्युत्गृह बाहेकका 'ग्रोवल ट्र्याप', डिसेण्डर (बालुवा थिग्रयाउने पोखरी), मुख्य सुरुङ र सर्ज टनेललगायत सबै संरचना भूमिगत रहने भएका छन्। आयोजनाको सिभिल ठेकेदार आरएससी आरजे जेभी र माछापुच्छ्रे इन्जिनियरिङ प्राली रहेका छन्।

साथै इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार कम्पनी ट्रोयर इटली रहेको छ। हाइड्रोमेकानिकल कार्यका लागि माछापुच्छे मेटल एण्ड मेसिनरी वर्कसप प्राली परिचालित भएको छ।

यसअघि ३७ मेगावाट रहेको आयोजनाको क्षमता बढाएर ४६ दशमलव २५ बनाउने प्रक्रिया अन्तिम चरणमा पुगेको हाइड्रो इम्पाएरका अध्यक्ष काजी लामाले बताउनुभयो। थप जग्गा अधिग्रहण र वन क्षेत्र उपभोग गर्न नपर्ने हिसाबले तीन सय १४ मिटर अग्लो रहेको हेडलाई बढाएर तीन सय १७ मिटर र खोलाबाट सुरुङमा हालीने पानीको मात्रा १४ दशमलब ४१ घनमिटर प्रतिसेकेण्डबाट बढाएर १७ दशमलव २४ घनमिटर प्रतिसेकेण्ड बनाई क्षमता बढाइएको हो।

सुक्खायाममा पनि म्याग्दी नदीमा पानीको मात्रा पर्याप्त हुने भएकाले यस आयोजनाले लगानीकर्तालाई छिटो प्रतिफल दिने अध्यक्ष लामाले बताउनुभयो। रु आठ अर्ब ४६ करोड ५४ लाख दुई हजार अनुमानित लागत रहेको आयोजनामा सिद्धार्थ बैंकको अगुवाइमा नेपाल एसबिआइ बैंक, सिटिजन्स बैंक इन्टरनेशनल, एभरेष्ट बैंक र नविल बैंकले लगानी गरेका हाइड्रो इम्पायरका प्रबन्ध निर्देशक जितबहादुर घर्तीले बताउनुभयो। ७० प्रतिशत बैंक र ३० प्रतिशत स्वपुँजीको अनुपात रहेको छ।

प्रभावित क्षेत्रका बासिन्दाका लागि कुल लागतको १० प्रतिशत सेयरको व्यवस्था गरिएको घर्तीले बताउनुभयो। यस आयोजनाबाट उत्पादन हुने विद्युत् नेपाल विद्युत् प्राधिकरणको डाँडाखेत सबस्टेशनमार्फत केन्द्रीय ग्रिडमा जोडिनेछ। दश किलोमिटर लामो १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माणको तयारीमा छ।

शिवरात्रिखोलादेखि बाँध निर्माणस्थलसम्म करिब १८ किलोमिटर पहुँचमार्ग निर्माण भएको छ। आयोजनाले धवलागिरि गाउँपालिकाको सिफारिसमा खिवाङ र चेचुङ गाउँमा सडक पुऱ्याउन सहयोग गरेको छ। रासस

# पोखरा-जोमसोम मार्गमा हवाई यात्रुको संख्या घट्दो



मुस्ताङ। पोखरा-जोमसोम मार्गमा हवाई यात्रुको संख्या घट्दो क्रममा रहेको छ। अनुकूल याममा समेत उक्त मार्गमा हवाई यात्रुको संख्या घट्दो अवस्थामा रहेको पाइएको हो।

जोमसोम नागरिक उड्डयन कार्यालयकाका प्रमुख दीपक पोखरेलका अनुसार गत आव २०८१/८२ को साउनदेखि असार महिनासम्ममा २६ हजार ६४२ यात्रुले पोखरा-जोमसोम हवाई मार्गबाट सेवा लिएका थिए। गत वर्ष पोखराबाट जोमसोम १४ हजार १७२ र जोमसोमबाट पोखरा १२ हजार ४७० यात्रुले हवाई मार्ग प्रयोग गरेका थिए।

गत वर्ष तारा एयर र समिट एयरलाइन्सको टुइनेटर साना जहाजले पोखरा-जोमसोम र जोमसोम-पोखरा गरी दुई हजार ४०६ उडान भरेको प्रमुख पोखरेलले बताउनुभयो। चालु आव २०८२/८३ को साउनदेखि चैत महिनासम्ममा सात हजार ५८६ यात्रुले पोखरा-जोमसोम र जोमसोम-पोखरा हवाई सेवा प्रयोग गरेका उहाँले बताउनुभयो।


प्रमुख पोखरेलका अनुसार चालु वर्षको नौ महिनामा ६ हजार १०५ विदेशी र एक हजार ४८२ नेपाली यात्रुले हवाई सेवा प्रयोग गरेका छन्। चालु आवमा पोखराबाट जोमसोम जाने हवाई यात्रुको सङ्ख्या तीन हजार ७९ र जोमसोमबाट पोखरा उड्ने यात्रुको संख्या चार हजार ५३९ रहेको प्रमुख पोखरेलले बताउनुभयो।

यसैगरी चालु आवको नौ महिनामा पोखरा-जोमसोम दुईतर्फी उडान संख्या ९७० रहेको छ। जोमसोम नागरिक उड्डयन कार्यालयको तथ्याङ्क अनुसार गत आवको तुलनामा चालु आवको नौ महिनामा ४०.३१ प्रतिशत मात्रै हवाई उडान भएको छ। गत आवको हवाई यात्रुको तुलनामा चालु आवको नौ महिनामा १९ हजार ५६ कम यात्रुले हवाई यात्रा गरेको तथ्याङ्क छ।

पोखरा-जोमसोम हवाई उडान तथा यात्रुसंख्या बर्सेनि घट्दै गइरहेको जोमसोमस्थित तारा एयरलाइन्सका स्टेशन इन्चार्ज सुजन लालचनले बताउनुभयो। विगत वर्षमा पोखरा-जोमसोम दैनिक २५ उडानसम्म हुने गरेकामा पछिल्लो समय १० वटा उडान पनि हुन नसकेको उहाँको भनाइ छ। पर्यटकीय यामको समयमा मध्यपूर्वको द्वन्द्वले विदेशी पर्यटकको आमगन संख्या घटेकाले हवाई उडान समेत प्रभावित भएको उहाँको भनाइ छ। मध्यपूर्व द्वन्द्वले हवाई इन्धनको मूल्य बढेकाले हवाई भाडादर वृद्धि भएका कारण पनि हवाई यात्रु घट्न थालेको इन्चार्ज सुजन लालचनले बताउनुभयो।

यसैगरी उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज हुँदै जान थालेकाले पोखरा-जोमसोम र जोमसोम-पोखरा हवाई यात्रु घट्दो अवस्थामा पुगेको इन्चार्ज लालचन बताउनुहुन्छ।

जोमसोम विमानस्थलमा तारा एयर र समिट एयरका दुई वायु सेवा कम्पनीले दैनिक १० नियमित उडान भर्ने गरेका छन्। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# देशमा अदृश्य भय

देशमा झण्डै दुई तिहाई बहुमतको सरकार छ ।राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले प्राप्त गरेको अपार बहुमतको सरकारको कतिपय कार्यले देशबासीमा एक प्रकारको भय देखिन थालेको छ ।सरकारले बेथिति हटाउन थालेको कतिपय प्रयास सार्थक र सकारात्मक छ ।तर देशमा सरकार रहेको अनुभूति देशवासीले गरेको भन्दा बढी अदृश्य भय महसुस गर्न थालेका छन् ।देशमा अघोषित संकटकालको अवस्था जस्तो देखिएको छ ।देशमा लोकतन्त्र कायमै रहे पनि त्यसको अभ्यास देखिएको छैन् ।सरकारले मनपरी ढंगले काम गरिरहेको छ ।देशमा महँगी अचाक्ली बढेको छ ।तर सरकारले त्यसलाई नियन्त्रण गर्ने प्रयास गरिरहेको छैन् ।दक्षिण एसियामा पहिलो पटक पेट्रोलियम पदार्थको मूल्य नेपालमा सबैभन्दा बढी छ ।भारतबाट प्रति लिटर १ सय ५० रुपैयामा खरिद गरिएको डिजेल नेपालमा २ सय ३२ रुपैया प्रति लिटरमा नेपाल आयल निगमले बिक्री गरिरहेको छ ।तर नागरिकले त्यसको बिरोध गर्न समेत सकिरहेको छैन् ।मूल्य बृद्धि नभएको कुनै वस्तु छैन् ।बजारमा महँगी नियन्त्रणका लागि सरकारले चासो नै देखाएको छैन् ।लोकतान्त्रिक निकायहरु निरीह देखिएका छन् ।सरकारी संयन्त्रहरु अधिकार मिचेर नागरिकको अधिकार खोस्न लागेका छन् ।प्रचण्ड बहुमत प्राप्त सरकारले देशवासीलाई हरेक तरहले राहत दिनु पर्ने बेलामा चरम महँगीको मारमा पिसिरहेको छ ।सञ्चार माध्यमले विज्ञापन पाउने अधिकार खोसिएको छ ।विद्यार्थीहरुको संघसंगठनलाई शिक्षण संस्थामा रहन नदिने बनाइएको छ ।सुकुम्बासीलाई हटाउन सेना परिचालन भएको छ ।प्रहरीले सुकुम्बासीलाई हटाउन समेत आँट गर्न सकेको छैन् ।नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी केही सय सुकुम्बासीलाई हटाउन नसकेर सेना नै घेरा हाल्नु पर्ने अवस्था आएको छ ।गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा सेनाले राष्ट्रपति कार्यालय, सिंहदरबार, सर्वोच्च अदालत लगायतका संम्पदाहरुको सुरक्षा गर्न समेत सकेन् ।त्यसपछि सेना सुकुम्बासी हटाउन खटाइएको छ ।राष्ट्रिय धरोहर नेपाली सेनाको भूमिका फरक क्षेत्रमा देखिन थालिएको छ ।यसले देशमा त्रासको अवस्था सिर्जना भएको छ ।सरकारले लोकतान्त्रिक भन्दा फरक मार्गमा अग्रसर भएको छ ।प्रतिनिधि सभाको डाकिएको अधिवेशनलाई स्थगन गरी सरकारले दुई वटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति कार्यालयमा पठाएको छ ।त्यसको पनि आलोचना भइरहेको छ ।सरकारले लोकतान्त्रिक बिधि र प्रक्रियाले नै देशको बेथिति हटाउन कुनै अवरोधको सामना गर्नु पर्ने छैन् ।देशमा सुशासनको अनुभूति सरकारले दिलाउनु पर्छ ।नागरिकलाई त्रासमा राखेर गरिने शासन लोकतान्त्रिक हुन सक्दैन् ।गरिबलाई हटाएर गरिबी हट्ने छैन् ।सरकारले सबै निकायलाई नियन्त्रण गरेर होइन्, लोकतान्त्रिक बिधि र प्रकृया अनुसार कार्य सम्पादन गर्नु जरुरी छ ।

# संवैधानिक नैतिकताको कसीमा अध्यादेश राज



● राजुप्रसाद चापागाईं

एकातिर संसद्मा झन्डै दुईतिहाइ कमान्ड गर्ने सरकार छ, अर्कातिर नयाँ भनिएका शासकमा पनि अध्यादेश राजको मोह देखिन्छ । बोलाइसकेको संसद् अधिवेशन स्थगनको सूचना जारी गरेर संसद् लाई पन्छाइएको छ। यसैबीच पाँच अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पेस गरिएको खबर बाहिरिएको छ। संसद् अधिवेशन स्थगनको निहित उद्देश्य एउटा अध्यादेश राजको मोह थियो भन्ने स्पष्ट देखिन्छ।

अर्को, गरिब जनतामाथि शत्रुता साँधेर राज्यबाट अभिभावकीय संरक्षणको पर्खाइमा रहेका भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी जनतामाथि अस्ति भर्खरै तिनै जनताको मतले निर्वाचित भएको सरकारले जुन दादागिरी देखाइरहेको छ, त्यो विरोधविहीन रूपमा जारी राख्न पाइयोस् भन्ने उद्देश्य निहित रहेको देखिन्छ । यसै सन्दर्भमा यो संक्षिप्त आलेखमा अध्यादेशसम्बन्धी संवैधानिक प्रबन्धलाई अर्थ्याउने प्रयास गरिएको छ।

ऐतिहासिक रूपमा अध्यादेश जारी गर्ने प्रचलन हामीले कसरी अनुसरण वा अनुकरण गर्दै आएका छौं ? वर्तमान संविधानले अध्यादेशको सन्दर्भमा कुन र कस्तो संवैधानिक 'आर्किटेक्चर' आत्मसात् गरेको छ ? यसमा अन्तर्निहित संवैधानिक नैतिकता के हो ?

नेपालको संवैधानिक विकासक्रमलाई नियाल्दा सर्वप्रथम अध्यादेश जारी गर्ने अधिकारलाई नेपालको वैधानिक कानुन, २००४ ले आत्मसात् गर्न खोजेको देखिन्छ। धारा ४६ मा 'मुलुकभर कतै पनि शान्ति भङ्ग नहोस् भन्नका निमित्त श्री ३ महाराजबाट मन्त्रिमण्डलको सल्लाहले चाहिएको अस्थायी कानुन जारी गरिबक्सन हुन्छ, तर यस्ता अस्थायी कानुन छ महिनाभन्दा बढी जारी रहनेछैन । अवस्था सुध्रियो भन्ने ठानीबक्सेमा श्री ३ महाराजबाट बीचमा जुनसुकै बेला पनि सो कानुन खारेज गरिबक्सने हुनेछ,' भन्ने व्यवस्था गरिएको देखिन्छ।

यो व्यवस्था हेर्दा शान्तिसुरक्षा कायम गर्न तत्काल आवश्यक भए मात्र अस्थायी कानुन (अध्यादेश) जारी गर्न सकिने, मन्त्रिमण्डलको सल्लाह लिनुपर्ने, त्यस्तो अस्थायी कानुनको अवधि ६ महिनाको मात्र हुने, श्री ३ ले चाहेको बखत जतिबेला पनि खारेज गर्न सक्ने लगायतका सर्तको अधीनमा राखिएको देखिन्छ।

अन्तरिम शासन विधान, २००७ ले श्री ५ महाराजधिराजको व्यवस्थापिकीय अधिकारको रूपमा अध्यादेश जारी गर्न पाउने अधिकार स्पष्टतासाथ आत्मसात् गरेको देखिँदैन । तथापि, धारा ३० मा भनिएको छ, 'जुनसुकै नेपाल कानुनमा जुनसुकै कुरा भए तापनि वा जुनसुकै अदालतको जुनसुकै फैसलामा जुनसुकै कुरा भए तापनि नेपालको शान्ति व्यवस्था तथा राम्रो शासनका लागि श्री ५ महाराजधिराजलाई कानुन बनाउने राजकीय एवं सम्पूर्ण अधिकार प्राप्त रहन्छ भन्ने कुराको शङ्का निवारणका लागि यसद्वारा घोषणा तथा पुष्टि गरिन्छ।'

यस व्यवस्थाले 'नेपालको शान्ति व्यवस्था तथा राम्रो शासन' को सर्तको अधीनमा रहेर अध्यादेश प्रकृतिको कानुन बनाउन सक्ने अधिकार प्रदान गरेको देखिन्छ।

'नेपाल अधिराज्यको संविधान, २०१५' ले भने अध्यादेश जारी गर्ने अधिकारलाई परिष्कृत रूपमा अङ्गीकार गरेको देखिन्छ । धारा ५२(१) मा 'संसद् को दुवै सदनको अधिवेशन नभएका बखतमा 'तत्काल केही गर्न' आवश्यक परिस्थिति आएको छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा, यस संविधानको उपबन्धको प्रतिकूल नहुने गरी, मौसुफबाट परिस्थितिअनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ,' भन्ने व्यवस्था गरिएको देखिन्छ।

यसले तत्काल उत्पन्न परिस्थितिको सामना गर्न आवश्यक नपरीकन अध्यादेश जारी हुन नसक्ने संवैधानिक पूर्वसर्त वा सीमा अभिनिश्चित गरिदिएको देखिन्छ। साथै, यसले महत्त्वपूर्ण रूपमा संविधानका अरू प्रावधानहरूमा दखल हुन नहुने कुरा पनि स्पष्ट पारेको देखिन्छ । यसले जारी गर्नुपूर्वका सर्त मात्र नभई जारीपछिका सर्त पनि तोकेको छः

क. अध्यादेश जारी भएपछि बसेको संसद्को दुवै सदनमा पेस गरिनेछ र संसद्को दुवै सदनले अस्वीकार गर्ने प्रस्ताव पास गरेमा खारेज हुनेछ।

ख. श्री ५ बाट जुनसुकै समयमा खारेज हुन सक्नेछ।

ग. खण्ड (क) वा (ख) बमोजिम खारेज नभएमा संसद्को बैठक बसेको ४५ दिनपछि स्वतः निष्क्रिय हुनेछ।

स्पष्टीकरणः संसद्का विभिन्न सदन अघिपछि गरी बसेको छ भने यस उपधाराको तात्पर्यका लागि जुन सदन पछि बसेको छ, सो सदनको बैठक बसेको मितिबाट संसद्को बैठक बसेको समयको गणना हुनेछ।

नेपालको संविधान, २०१९ को धारा ५७ मा पनि अध्यादेश जारी गर्ने अधिकारलाई समेटिएको देखिन्छ । उपधारा (१) मा 'राष्ट्रिय पञ्चायत वा राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको बखतमा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा, यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी, मौसुफबाट राजसभासँग चाहिबक्सेमा परामर्श गरी परिस्थितिअनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ,' भन्ने व्यवस्था गरिएको थियो । यस व्यवस्थामा पनि 'तत्काल केही गर्न




आवश्यक परेको' पूर्वअवस्था स्थापित हुनुपर्ने स्पष्ट देखिन्छ।

२०४६ को जनआन्दोलनपछि जारी गरिएको 'नेपाल अधिराज्यको संविधान, २०४७' को धारा ७२ मा पनि स्पष्ट 'कन्डिसन प्रिसिडेन्ट' र 'कन्डिसन सब्सिक्वेन्ट' को अधीनमा राखी अध्यादेश जारी गर्ने कार्यकारिणीको अधिकारको प्रबन्ध गरिएको देखिन्छ ।'नेपालको अन्तरिम संविधान, २०६३' को धारा ८८(१) मा पनि समान प्रकृतिका पूर्वसर्तको अधीनमा अध्यादेश जारी गर्न सक्ने अधिकारको प्रबन्ध गरिएको देखिन्छ- 'व्यवस्थापिका-संसद्को अधिवेशन वा बैठक चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति सन्तुष्ट भएमा, यस संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी, मन्त्रिपरिषद्को सिफारिसमा आवश्यक अध्यादेश जारी गर्न सक्नेछ।'

उल्लिखित संवैधानिक प्रावधानहरूलाई नै सारभूत रूपमा पछ्याउँदै नेपालको वर्तमान संविधानले पनि निश्चित कन्डिसन प्रिसिडेन्ट र कन्डिसन सब्सिक्वेन्टको अधीनमा रहेर मात्र अध्यादेश जारी गर्ने अधिकारको प्रबन्ध गरेको पाइन्छ।

**नेपालको संविधान, धारा ११४**

१. सङ्घीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ।

२. उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐनसरह मान्य हुनेछ । तर त्यस्तो प्रत्येक अध्यादेश- (क) जारी भएपछि बसेको सङ्घीय संसद् को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुनेछ, (ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा, दुवै सदनको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ।

धारा ११४ को प्रावधानको केवल सतही वा शाब्दिक अर्थबोध मात्र पर्याप्त हुँदैन । यसमा अन्तर्निहित संवैधानिक नैतिकता अर्थात् व्यक्त र अव्यक्त मूल्यमान्यताहरूको गहिरो विश्लेषण र उत्खनन गर्नु आवश्यक छ । अनेकौं मुद्दाहरू सर्वोच्च अदालतमा गए पनि अहिलेसम्म यस किसिमको गहिरो व्याख्या र विवेचनाको अभावमा स्वेच्छाचारी अभ्यासले प्रश्रय पाएको छ र हाम्रो शासन प्रणाली 'अध्यादेश-राज' तर्फ उन्मुख भएको देखिन्छ । पछिल्लो प्रयत्न त्यसको निरन्तरता मात्रै होइन, पराकाष्ठा नै हो।

विशेषगरी धारा ११४(१) मा निहित पूर्वसर्तहरू र सीमाहरूलाई उजागर गर्नु र आत्मसात् गर्नु नितान्त आवश्यक छ । धारा ११४(१) र (२) का प्रावधानहरूमा प्रयुक्त शब्दावलीहरूको अर्थ उत्खननको कोसिस गरौंः

**१. '...तत्काल...' भन्ने शब्दको अर्थः**

संविधानको धारा ११४ मा प्रयोग भएको 'तत्काल' भन्ने शब्द सामान्य प्रशासनिक आवश्यकतासँग जोडिएको होइन । यो शब्दले गम्भीर, आकस्मिक र अनपेक्षित अवस्थालाई जनाउँछ। यस्तो अवस्था पूर्वअनुमान गर्न नसकिने, अप्रत्याशित र सङ्कटपूर्ण हुनुपर्छ, जसमा तुरुन्तै राज्यको प्रतिकार्य आवश्यक हुन्छ।

प्राकृतिक प्रकोप, युद्ध, महामारी वा गम्भीर राष्ट्रिय सङ्कटहरू यसअन्तर्गत पर्न सक्छन् । यसले ' तत्काल' को प्रयोग कुनै पनि अवस्था वा सुविधा हेरेर गरिने नभई मात्र यस्ता गहिरो र असाधारण सङ्कटमा गर्न मिल्ने सन्देश दिन्छ।

**२. '...केही गर्न...' भन्ने वाक्यांशको अर्थ**

'केही गर्न' भन्ने वाक्यांशलाई संविधानले एउटा उद्देश्यसहितको क्रियाको रूपमा प्रस्तुत गरेको छ। यसको आशय संविधानमा तोकिएको उद्देश्य वा सार्वजनिक हितका कार्यहरू गर्न आवश्यक परेमा मात्र हो । यो अभिव्यक्ति कुनै दलविशेषको राजनीतिक स्वार्थ पूरा गर्न वा कार्यपालिका वा राष्ट्रपतिको स्वेच्छाचारी निर्णयका लागि होइन।

यसमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको संवैधानिक सिद्धान्त समेटिएको छ, जुन धारा ५६(६) बाट पनि पुष्टि हुन्छ। धारा ७५ मा पनि कार्यकारिणी अधिकार संविधान र कानुनबमोजिम मात्रै प्रयोग हुन सक्ने व्यवस्था रहेबाट पनि कार्यपालिकाको अधिकार सीमित र उत्तरदायी रूपमा प्रयोग हुनुपर्छ भन्ने स्पष्ट हुन्छ।

**३. '...आवश्यक परेमा...' भन्ने वाक्यांशको अर्थ**

'आवश्यक परेमा' भन्ने वाक्यांशले प्रशासनिक सहजताको नाउँमा अध्यादेश ल्याउन पाइन्छ भन्ने अर्थ राख्दैन। यसको प्रयोग तब मात्र औचित्यपूर्ण ठहरिन्छ, जब कुनै कार्य गर्न ठोस, वास्तविक र अपरिहार्य आवश्यकता हुन्छ । विशेषगरी यस्तो आवश्यकता त्यस्तो होस्, जुन वैधानिक रिक्तताको कारण उत्पन्न भएको होस् र जुन अन्य वैकल्पिक उपायबाट तुरुन्त पूरा गर्न सम्भव नहोस् । यो आवश्यकताको परीक्षण कडाइका साथ गर्नु आवश्यक हुन्छ।

संविधानमा 'आवश्यक देखिएमा' वा 'विश्वास गर्न सकिने आधारमा' जस्ता लचिलो वाक्यांशहरूको प्रयोग नगरिएकाले यसलाई अपवादात्मक रूपमा बुझ्नुपर्दछ।

**४. '...जारी गर्न सक्नेछ...' भन्ने वाक्यांशको अर्थ**

धारा ११४ अन्तर्गत राष्ट्रपतिलाई दिइएको अध्यादेश जारी गर्ने अधिकार कुनै व्यक्तिगत विवेकको आधारमा प्रयोग गर्न मिल्ने छैन । यो अधिकार संविधानले तोकेको मर्म, उद्देश्य र सन्दर्भमा मात्रै प्रयोग गर्न सकिने सीमित र सर्तसहितको अधिकार हो। यसमा कार्यपालिकाले मनपरी अध्यादेश ल्याउने छुट छैन। अध्यादेशको प्रयोग संयमित, विधिसम्मत र संवैधानिक परिधिभित्र सीमित रहनुपर्छ।

**५. '...जुनसुकै बखत खारेज हुन सक्नेछ...' भन्ने वाक्यांशको अर्थ**

संविधानको धारा ११४(२) ले राष्ट्रपतिले जारी गरेको अध्यादेश जुनसुकै बेला खारेज गर्न सक्ने व्यवस्था गरेको छ। यसको अर्थ के हो भने, यदि राष्ट्रपतिबाट भएको निर्णय असंवैधानिक ठहरिन्छ भने, त्यो निर्णय तत्काल सच्याउने उत्तरदायित्व राष्ट्रपति स्वयम्सँग रहन्छ।

संविधानको धारा ६१(४) ले राष्ट्रपतिलाई संविधानको पालन र संरक्षण गर्ने संवैधानिक दायित्व दिएकाले, संविधानविपरीतको अध्यादेश जारी भएमा त्यसलाई खारेज गर्नु राष्ट्रपतिको तजवीज नभई बाध्यकारी दायित्व हो।

**६. '...ऐनसरह मान्य हुनेछ...' भन्ने वाक्यांशको अर्थ**

धारा ११४ अन्तर्गत जारी अध्यादेशहरूलाई 'ऐनसरह' मानिने व्यवस्था छ, तर यसको अर्थ स्वेच्छाचारी वा गैरसंवैधानिक अध्यादेशले पनि स्वतः ऐनको शक्ति पाउँछ भन्ने होइन । केवल ती अध्यादेशहरू, जसले धारा ११४ का सम्पूर्ण सीमाहरू र सर्तहरूको पूर्ण पालना गरेका हुन्छन्, तिनलाई मात्रै ऐनसरह मान्यता दिन सकिन्छ ।यदि कुनै अध्यादेश यसका सर्तहरूको पालना नगरी ल्याइएको छ भने, त्यसले ऐनसरहको कानुनी शक्ति प्राप्त गर्दैन र त्यस अवस्थामा कानुन व्याख्यासम्बन्धी ऐनको दफा ४ समेत आकर्षित गर्न मिल्दैन।

माथिको समष्टिगत विवेचनाबाट के स्पष्ट हुन्छ भने संसद्को अधिवेशनको अनुपस्थिति मात्रै अध्यादेशको शक्ति अभ्यास गर्नका लागि कन्डिसन प्रिसिडेन्ट स्थापित हुँदैन । तत्काल केही गर्नुपर्ने अनपेक्षित, पूर्वानुमान नगरिएको परिस्थितिको विद्यमानता हुनुपर्छ। कानुनको रिक्तताको स्थितिलाई अध्यादेशमार्फत पूर्ति गर्नुको विकल्प नरहेको स्थापित हुनुपर्छ । संसद्को अर्को सत्र पर्खिँदासम्म ठूलो सार्वजनिक दुस्कृति सिर्जना हुने स्थिति वस्तुगत रूपमा देखिनुपर्छ।

अर्थात् तत्काल उत्पन्न परिस्थितिको विद्यमानता हुनैपर्छ । सङ्कटकाल नै घोषणा गर्नुपर्ने अवस्था विद्यमान भएमा सङ्कटकाल घोषणा गरेर सङ्कटकालीन आदेश जारी गर्ने संवैधानिक प्रबन्ध छ। सङ्कटकाल घोषणा गर्ने अवस्था छैन, तर खास सार्वजनिक हितको सवाल उत्पन्न भयो, त्यसलाई सम्बोधन नगर्दा संवैधानिक उद्देश्य पूरा हुँदैन, संसद्बाट तत्काल कानुन बनाएर सम्बोधन गर्न सक्ने अवस्था पनि छैन भने अध्यादेश अपवादको रूपमा आकर्षित हुने हो।

अध्यादेशको शक्ति प्रयोगका लागि संवैधानिक आवश्यकता स्थापित हुनैपर्दछ । प्रशासनिक तथा राजनीतिक सुगमताका लागि यसको दुरुपयोग संविधानतः स्वीकार्य हुँदैन। तसर्थ अहिलेको परिस्थितिमा जे-जस्ता विषयमा अध्यादेश जारी गर्न खोजिएका सङ्केतहरू देखिएका छन्, ती सर्वथा असंवैधानिक छन् । संवैधानिक, लोकतान्त्रिक, राजनीतिक, नैतिक कुनै हिसाबले पनि औचित्य पुष्टि हुँदैन । सुशासनको कार्यादेशसहित अस्तित्वमा आएको सरकारको दिमागमा यो सोच पलाउनु आफैँमा विडम्बनापूर्ण छ।

तसर्थ, अध्यादेश राजको अभिलाषा परित्याग गरेर संसद्मार्फत जनताप्रति उत्तरदायी भएर लोकतान्त्रिक शासन सञ्चालनको दिशामा अग्रसर हुनुपर्छ । अन्यथा संसद्को अङ्कगणितले मात्रै सरकारको स्थायित्वको सुरक्षा हुनेछैन, न हिजो कसैलाई त्यसले सुरक्षित राखेको थियो । वैधता र विश्वसनीयता जोगाउने कुरा मुख्य हो। उक्त विचार अनलाइनखबरडटकमबाट साभार गरिएको छ।

# इरान युद्धले गराउला अमेरिका र युरोपबीच 'डिभोर्स'

**गिडियन राकमन**

बेलायतको लेकनहिथमा अमेरिकी वायु सेना सन् १९४८ आएको थियो। जर्मनीको रामस्टाइन हवाइ अड्डा १९५० को दशकको सुरुमै स्थापना भएको थियो । आज युरोपममा ४० भन्दा बढी अमेरिकी सैन्य अखडाहरू छन्, जहाँ ८५ हजार हाराहारी अमेरिकी सैनिक बसेका छन् ।

तर, कुनै पनि कुरा सधैँ रहिरहँदैन। र, मेरो जीवनमा पहिलो पटक युरोपमा अमेरिकी सैन्य उपस्थिति पनि अन्त्य हुन सक्छ भन्ने लाग्दैछ।

तत्कालको बखेडा भनेको इरान युद्ध हो । इरानमा सैन्य कारबाहीका लागि अमेरिकाले स्वीकृति माग्दा युरोपले हिच्किचाहट देखायो, कहिलेकाहीं अस्वीकार पनि गर्‍यो। यसले डोनाल्ड ट्रम्पलाई क्रुद्ध तुल्याएको छ । उनले युरोपलाई 'काँतर' र 'कागजी बाघ' भन्दै गाली गरे । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सिधै सोधे- संकटको घडीमा प्रयोग गर्न नपाउने हो भने अमेरिकाले युरोपमा सैन्य अखडा राख्ने झञ्झट किन बेहोर्नु ?

यसको बदलामा इरान युद्ध सकिएपछि युरोपेली सहयोगी मुलुकहरूलाई दिइने सजायको सूचीमाथि ट्रम्प प्रशासनले सोचविचार गरिरहेको बताइन्छ। स्पेनलाई नेटोबाट निकाल्ने र फोकल्यान्ड टापुमाथि बेलायतको अधिकारलाई दिइएको मान्यता फिर्ता लिनेजस्ता कदम चाल्नुपर्ने सुझाव सुनिँदैछ । तथापि, ट्रम्प प्रशासनले सम्भवतः बुझ्न नसकेको कुरा के हो भने यो खालको आक्रोश एकतर्फी होइन, दुईतर्फी छ। युरोपेली नेताहरू निकै तिक्तताका साथ र कहिलेकाहीं सार्वजनिक रूपमै गुनासो पोखिरहेका छन्- अमेरिकाले आफ्ना सहयोगीहरूसँग सल्लाह नै नगरी यो मूर्खतापूर्ण र अवैधानिक युद्ध सुरु गर्‍यो।

अमेरिकी नेतृत्वमाथि युरोपको विश्वास पनि हालसम्मकै कमजोर विन्दुमा झरेको छ। यो स्वाभाविक पनि हो किनकि अमेरिकाका कमान्डर इन चिफ जिसस क्राइस्टको स्वरूपमा आफ्नो तस्बिर पोस्ट गर्छन् अनि सिंगो सभ्यता मेटाइदिने धम्की दिन्छन् ।

इरान युद्ध सुरु हुनुभन्दा एक वर्षपहिल्यै अमेरिकाले युरोपेली सहयोगी मुलुकहरूमाथि भन्सार महसुल लगाएको थियो । ट्रम्पले ग्रिनल्यान्डमाथि आक्रमण गर्ने धम्की पनि दिएका थिए । यसले युरोपेली सैनिकहरूले अमेरिकी सैनिकसँग लडाइँ लड्नु पर्ने रिंगटा छुटाउने सम्भावनाको ढोका खोलिदिएको थियो ।

पोलिटिकोले यसै महिना गरेको सर्वेक्षणले स्पेन, इटली, फ्रान्स र जर्मनीमा अमेरिकालाई 'निकट सहयोगी' भन्दा खतरा मान्ने मान्छेको संख्या बढी छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले अमेरिकी विदेश नीतिको चर्को आलोचना गरेर आफ्नो राजनीतिक भविष्य ब्युँताएका छन् । पोल्यान्ड र जर्मनीजस्ता कट्टर अमेरिकी समर्थक मुलुकका नेता समेत खुलेआम वासिङ्टनको नेतृत्वमाथि प्रश्न उठाइरहेका छन् ।

दोस्रो युद्धयता युरोपमा अमेरिकाको उपस्थिति वासिङ्टनले थोपरेको होइन, युरोपेलीहरूले निम्त्याएका हुन्। तर अब केही युरोपेलीहरू त्यो निमन्त्रणा फिर्ता लिन लालायित हुँदैछन् ।

उसोभए युरोपमा अमेरिकी सैन्य उपस्थिति घट्दा अमेरिकालाई ज्यादा घाटा होला कि युरोपलाई?



अमेरिकाको हकमा यो धेरै हदसम्म वासिङ्टन युरोप, मध्यपूर्व र अफ्रिकामा आफ्नो शक्ति प्रदर्शन गर्न चाहन्छ कि चाहँदैन भन्नेमा भर पर्छ। आन्ध्र महासागरको दुवैतर्फका राजनीतिक चालबाजीका बाबजुद यथार्थ के हो भने इरान युद्धमा अमेरिकाले युरोपेली सैन्य अखडाहरूको भरपूर प्रयोग गरिरहेको छ। इरानी भूमिमा खसेका र त्यसपछि उद्धार गरिएका पाइलट सम्भवतः बेलायतका लेकनहिथबाट उडेका थिए।

आफूलाई युरोपमा रहेका सैन्य अखडाहरू अब कहिल्यै चाहिँदैन भन्ने भरोसा भयो भने अमेरिकाले ती अखडा बन्द गराउन सक्छ। तर, पछिल्ला दशकमा मध्यपूर्व र बाल्कनमा अमेरिकी सैन्य हस्तक्षेपको क्रमलाई हेर्ने हो भने अहिलेको इरान युद्ध अमेरिकाको अन्तिम हस्तक्षेप हो भनेर मान्न सकिन्न । युरोपले अमेरिकासँग किन्ने हतियार र अन्य सरसामान अमेरिकाको निरन्तर सुरक्षा ग्यारेन्टीसँग जोडिएको छ। अमेरिकाको सुरक्षा प्रतिबद्धतामा शंका बढिरहँदा युरोपकै किनौं भन्ने अभियानले गति पक्रेको छ।

अमेरिकीहरूलाई अलविदा भन्नु युरोपका लागि पनि निकै जोखिमपूर्ण छ। रुस युक्रेनमा अहिले पनि युद्ध लडिरहेको छ। पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कले त केही महिनाभित्रै रुसले नेटो भूमिमा आक्रमण गर्न सक्ने चेतावनी दिएका छन्। केही महिनामा नभए पनि केही वर्षमै रुसले आक्रमण गर्नसक्ने चेतावनी बर्लिन र लन्डनका नेताहरूले पनि दिइरहकै छन् । टस्कले औंल्याएजस्तै ट्रम्पको नेतृत्वमा अमेरिकाले नेटोको पारस्परिक रक्षाको सर्त पालना गर्नेमा शंका बढ्दो छ।

यतिबेला अमेरिकाको सहयोगबिना युरोपले रुससँगको युद्धमा आफ्नो रक्षा गर्न नसक्ने चेतावनी नेटोका महासचिव मार्क रुटले दिएका छन्। उनी जुनसुकै मूल्यमा पनि ट्रम्पलाई खुसी राख्ने प्रयासमा छन् ।

केही युरोपेली नेताहरू रुटभन्दा ज्यादा आशावादी छन्। उनीहरू युरोपले आफ्नो रक्षा आफैँ गर्न सक्छ भन्ने ठान्छन्। युक्रेनमा रुसी सेनाको सैन्य प्रदर्शन खास गतिलो नभएको तथ्य उनीहरू औंल्याउँछन्। यो सत्य भए पनि हाल जुनसुकै युद्धका लागि पनि अत्यन्त आवश्यक हुने सैन्य क्षमतामा युरोप अमेरिकामाथि निर्भर छ । जसमा हवाइ प्रतिरक्षा, गुप्तचर स्रोत र तत्काल अग्रमोर्चामा ठूलो संख्यामा फौज उतार्ने विमान पर्दछन्। यी कमी पूरा गर्न युरोपलाई वर्षौं लाग्न सक्छ। त्यसमाथि नेटोको कमान्ड संरचना पनि अमेरिकालाई केन्द्रमा राखेर बनाइएको छ।

यी सबै कारणले गर्दा अमेरिकी राष्ट्रपतिलाई चुपचाप आफ्नो बाटो लाग भन्ने इच्छा हुँदाहुँदै पनि युरोपेली नेताहरू त्यसो भन्न सक्दैनन् । अर्कोतिर ट्रम्प प्रशासनले युरोपविरुद्ध बदला लिने दिवास्वप्न जति धेरै देखे पनि युरोपमा रहेका सबै सैन्य अखडा एकैपटक बन्द गर्ने कुरा त्यसमा समावेश छैन ।

# 'उचित क्षतिपूर्ति सहित पुनर्वास र व्यवस्थापन गरेर मात्रै सुकुम्बासी बस्ती भत्काइयो'



टुडे समाचारदाता

काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले उचित क्षतिपूर्ति सहित पुनर्वास र व्यवस्थापन गरेर मात्रै सुकुम्बासी बस्ती हटाउनुपर्ने बताएका छन् ।

बुधबार प्रेस विज्ञप्ति जारी गर्दै सांसद समेत रहेका अध्यक्ष साम्पाङले सुकुम्बासी बस्ती हटाउने नाममा संविधानको धारा ३७ उल्लंघन हुन पुगेको बताए । उनले बस्ती हटाउने कार्य तत्काल रोक्न माग गरेका छन् ।

'हाल सरकारले देशका विभिन्न स्थानहरूमा रहेका सुकुम्बासी बस्तीहरूमा गरिब जनताका बासस्थान भत्काइरहेको घटना (संविधानको धारा ३७ को उपधारा १ को बर्खिलाप हुनेगरीको घटना) प्रति खेद प्रकट गर्दै त्यस्ता गतिविधि अविलम्ब रोकी उचित क्षतिपूर्ति सहित उचित पुनर्वास र व्यवस्थापन गरेर मात्रै सरकार अघि नढोस् भन्ने सुझाव दिन्छौं,' उनले विज्ञप्तिमार्फत् भनेका छन् ।

जनताको घर भत्काउनु, जनतालाई बेघर बनाउनु, लछारपछार गर्नु, गालीगलौज गर्नु, लाठी, बुट, बन्दुक देखाएर तर्साउनु र राज्य आतंक मच्चाउनु संविधानको धारा १६ को उपधारा १ को बर्खिलाप हुने उनले बताएका छन् । यस्ता गतिविधिले सरकारको निरंकुश चरित्र देखाएको उनको बुझाइ छ ।

'यो घटनाले लोकतन्त्रको मूल्य मान्यतालाई नराम्ररी लत्याएको छ । दशकौं पहिलेदेखि बसेका बस्तीहरूमा राज्यले पहिले नै पहल गरेको भए सार्वजनिक मानिने र भनिने गरेका जग्गाहरूमा ती जनताले जीवनभरका कमाइ लगाएर घर बनाउँदैन थिए,' उनले भनेका छन्, ' त्यस बेला तत्कालीन नगरपालिका र राज्य संयन्त्रले इजाजत दिएरै बसे होलान् ती बस्तीहरू ।'

त्यसो हुँदा उचित क्षतिपूर्ति र पुनर्वासको व्यवस्थापन गरेर मात्रै जग्गा खाली गराउने काममा सरकार लाग्नुपर्ने उनको भनाइ छ ।

जनतालाई बेघर बनाएर सुशासन, आर्थिक उन्नति र विकास नहुने उनले बताए ।

'सुकुम्बासीलाई सडक मानव बनाउने नीति लिनु सर्वथा गलत हो । यस्ता मानव अधिकारविरोधी गतिविधिको श्रम संस्कृति पार्टी सख्त निन्दा, भर्त्सना र विरोध गर्दछ,' उनले भने ।

## सञ्चार मन्त्रालयद्वारा कार्यप्रगति सार्वजनिक :

# प्रशासनिक तथा प्रविधिमैत्री सेवा प्रवाहमा उल्लेख्य सुधार

**मन्त्रालयले सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीलाई उच्च प्राथमिकतामा राख्दै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने खालका सेवा सुधारलाई तीव्रता दिएको जनाएको छ । जसअनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) छपाइ, सरकारी कुरियर सेवा, दूरसञ्चार सेवा सुधार, डिजिटल सेवा विस्तार, साइबर सुरक्षा तथा प्रशासनिक सुधारका क्षेत्रमा पछिल्लो एक महिनामा गरिएका काम मन्त्रालयले सार्वजनिक गरेको हो ।**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पछिल्लो एक महिनामा भए/गरेका कामको प्रगति सार्वजनिक गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्रीका रूपमा डा विक्रम तिमिल्सिनाले जिम्मेवारी सम्हाल्नु भएयताका कामको प्रगति सार्वजनिक गर्दै मन्त्रालयले प्रशासनिक तथा प्रविधिमैत्री सेवा प्रवाहमा उल्लेख्य सुधार भएको जनाएको छ ।




मन्त्रालयले सरकारको १०० बुँदे शासकीय सुधार कार्यसूचीलाई उच्च प्राथमिकतामा राख्दै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने खालका सेवा सुधारलाई तीव्रता दिएको जनाएको छ । जसअनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) छपाइ, सरकारी कुरियर सेवा, दूरसञ्चार सेवा सुधार, डिजिटल सेवा विस्तार, साइबर सुरक्षा तथा प्रशासनिक सुधारका क्षेत्रमा पछिल्लो एक महिनामा गरिएका काम मन्त्रालयले सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाइमा देखिएको लामो समयदेखिको ढिलाइ अन्त्य गर्न विशेष पहल गरिएको छ । अब नयाँ निवेदनका हकमा यातायात व्यवस्था विभागबाट तथ्याङ्क प्राप्त भएको २४ घण्टाभित्र सुरक्षण मुद्रण केन्द्रमार्फत लाइसेन्स छपाइ गरी विभागलाई हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ । सम्झौताअनुसार १२ लाख थान सवारी चालक अनुमतिपत्र छपाइ सम्पन्न भइसकेको मन्त्रालयले जनाएको छ । थप १७ लाख थान पुराना लाइसेन्स असार मसान्तभित्र छाप्ने गरी विभाग र केन्द्रबीच नयाँ सम्झौता भएको छ । यसैगरी ३० लाख थान हुलाक टिकट छपाइ गरी हुलाक सेवा विभागलाई हस्तान्तरण गरिएको छ ।

हुलाक सेवालाई आधुनिक बनाउने लक्ष्यसहित मन्त्रालयले 'सरकारी कुरियर सेवा'को अवधारणा अघि बढाएको छ । यसअन्तर्गत राहदानी अब नागरिकको घरमै पुर्याउने सेवा सुरु गरिएको छ । प्रारम्भिक चरणमा कालिकोट, सिन्धुपाल्चोक, बाँके, कास्की, सुनसरी, मकवानपुर, म्याग्दी, सिरहा, डडेल्धुरा र गुल्मी जिल्लामा सेवा उपलब्ध गराइएको छ । गोरखा, सर्ुवासभा, सिन्धुली र सप्तरीमा समेत सेवा विस्तारको प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ । नागरिकलाई स्थानीय तहसम्म नजिकबाट सेवा दिन हालको पाँच अङ्कको पोस्टल कोडलाई सङ्घीय संरचनाअनुसार सात अङ्कको प्रणालीमा स्तरोन्नति गरिएको छ ।

दूरसञ्चार सेवामा उपभोक्तामैत्री सुधार गरिएको पनि मन्त्रालयले दाबी गरेको छ । जसअनुसार प्रिपेड मोबाइल सेवाका सबै प्याकेजको अवधि २८ दिनबाट बढाएर ३० दिन पुर्याइएको छ । नेपाल टेलिकमका ग्राहकहरूको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने 'पे-एज यु-गो' प्रणालीलाई परिमार्जन गरी ग्राहकले आफैँ त्यो सुविधा जारी राख्ने वा बन्द गर्न सक्ने सुविधा थपिएको छ । ९० प्रतिशत डाटा खपत भएपछि अनिवार्य पूर्वसूचना दिने व्यवस्था पनि मिलाइएको छ ।

मन्त्रालयले फोरजी सेवाको गुणस्तर सुधार गर्न ८०० मेगाहर्ज ब्यान्डमा थप फ्रिक्वेन्सी उपलब्ध गराउने निर्णय भएको जनाएको छ । साथै मोबाइल सेवाका लागि ३३००-३७०० मेगाहर्ज ब्यान्ड खुला गरी फाइभजी विस्तारको मार्गप्रशस्त गरिएको छ । सबै सेवाहरूलाई अनलाइन बनाउने तथा 'वान टाइम केवाइसी' लागू गर्ने प्रक्रिया पनि अघि बढाइएको छ । नेपाल टेलिकमका कार्यालयहरूमा ग्राहक सेवा डेस्क स्थापना गरी सेवा प्रवाह प्रभावकारी बनाउने काम सुरु गरिएको छ ।

मन्त्रालयका अनुसार डिजिटल नेपाल अभियानअन्तर्गत नागरिक एप मा नयाँ सेवा थपिएका छन् । नागरिक एपमा प्रहरी प्रतिवेदन, नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाणपत्र तथा लोकसेवा आयोगको प्रवेशपत्र डाउनलोड गर्ने सुविधा उपलब्ध भएको छ । एपमा रहेको राष्ट्रिय परिचयपत्रको डेमोग्राफिक डाटा व्यक्तिको सहमतिमा क्युआर कोड स्क्यान गरी ' अटोफिल' हुने प्रणाली राहदानी विभाग र यातायात व्यवस्था विभागको सूचना प्रणालीसँग जोड्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै, सरकारी कार्यालय व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन एकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने कार्य प्रारम्भ गरिएको छ । सरकारको एकीकृत वेबसाइटलाई अन्तरराष्ट्रिय मापदण्डअनुसार पहुँचयोग्य बनाउने काम पनि सुरु भएको छ ।

साइबर सुरक्षामा पनि मन्त्रालयले आक्रामक कदम चालेको जनाएको छ । नेपाल दूरसञ्चार प्राधिकरणमार्फत यो अवधिमा ११ हजारभन्दा बढी सट्टेबाजी एप र वेबसाइट बन्द गरिएको छ । शासकीय सुधारतर्फ मन्त्रालय र मातहतका निकायमा 'शून्य बाँकी फाइल सप्ताह' सञ्चालन गरी प्रशासनिक ढिलासुस्ती अन्त्य गर्ने अभियान सुरु गरिएको छ भने कर्मचारी आचारसंहिता लागू गरिएको छ । मन्त्रालयले सात दिनभित्र प्रमुख १० कार्य, समयसीमा, जिम्मेवार अधिकारी तथा कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लगेको जनाएको छ । सेवा प्रवाहलाई सरल, छिटो र परिणाममुखी बनाउन कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली सुरु गरिएको पनि मन्त्रालयको कार्यप्रगतिमा उल्लेख छ । त्यस्तै, गैरकर राजस्व वृद्धि गर्ने सुझावसहित प्रारम्भिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाइएको छ ।

कानुनी सुधारअन्तर्गत मन्त्रालयले तयार पारेको सूचना प्रविधि विधेयक र साइबर सुरक्षा विधेयक मस्यौदामा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको छ । यसले आगामी दिनमा डिजिटल शासन र साइबर अपराध नियन्त्रणका लागि नयाँ कानुनी आधार तयार हुने अपेक्षा गरिएको छ ।

रेडियो नेपालमार्फत लोपोन्मुख आठपहरिया राई तथा मुडियारी भाषामा नयाँ कार्यक्रम प्रसारण सुरु गरिएको छ भने नेपाल टेलिभिजनको स्टुडियोदेखि नयाँ संसद् भवनसम्म उच्च गुणस्तरको प्रत्यक्ष प्रसारणका लागि अप्टिकल फाइबर जडान गरिएको छ । सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारीका अनधिकृत विज्ञापन रोक्न विज्ञापन बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण र वैदेशिक रोजगार विभागबीच समन्वय गरी नियमन प्रक्रिया सुरु गरिएको छ ।

मन्त्रालयले एक महिनाको अवधिमा नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्नेगरी कामको थालनी भएको दाबी गर्दै आगामी दिनमा यी कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरेको छ । रासस

# अध्यादेशबारे बार एशोसिएशन बोल्यो

टुडे समाचारदाता

काठमाण्डु । कानुन व्यवसायीको छाता संगठन नेपाल बार एशोसिएशनले अध्यादेश जारी गर्ने सरकारको कदमबारे आफ्नो धारणा सार्वजनिक गरेको छ ।

एशोसिएशनका महासचिव वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइरालाले बुधबार विज्ञप्ति जारी गर्दै संवैधानिक सर्वोच्चता, विधिको शासन, शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्त, मानवअधिकार, लोकतन्त्र, स्वतन्त्र सक्षम एवं निष्पक्ष न्यायपालिकाको निमित्त सदैव पहरेदारी गर्दै आइरहेको जिकिर गरेका छन् ।

'२०८२ साल फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भई जनताको प्रतिनिधिमूलक संस्था संघीय संसद् रहेको छ । यसै सन्दर्भमा नेपाल सरकारको सिफारिसमा मिति २०८३ वैशाख १७ गतेका लागि आह्वान गरिएको संघीय संसदको बैठकलाई स्थगित गरी नेपाल सरकारबाट सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रस्तुत गरिएको भनिएका अध्यादेशका सम्बन्धमा नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ,' महासचिव कोइरालाले जारी गरेको विज्ञप्तिमार्फत जनाएको छ ।

जनविश्वास प्राप्त एवं सार्वभौमसत्ता प्रयोगको स्थल संघीय संसद् एवं संसदीय प्रक्रियाद्वारा अनुप्राणित कानुनमात्र सर्वस्वीकार्य र दीर्घकालीन हुनेमा एशोसिएशन विश्वस्त रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'अपवादको रूपमा अस्थायी तवरबाट प्रयोग हुने अध्यादेशको दुर्लभ अभ्यासलाई नियमित संसद् अधिवेशन आह्वान भइसकेपछि पुनः स्थगित गरी जनप्रतिनिधिमूलक संस्था संघीय संसदलाई छली अध्यादेश जारी गर्ने कार्यले संसदीय अभ्यास र संविधानको मर्ममाथि प्रहार गरी स्वेच्छाचारीतालाई बढावा दिने हुन्छ,' महासचिव कोइरालाले विज्ञप्तिमा भनेका छन् ।

यस्ता कार्य संविधानवाद प्रतिकूल रहेको भन्दै उनले उक्त अध्यादेशलाई तत्काल फिर्ता लिन नेपाल सरकार समक्ष माग गरेका छन् ।

# सभामुख अर्यालसँग संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजक याहियाको शिष्टाचार भेट

काठमाण्डु । सभामुख डोलप्रसाद (डिपी) अर्यालसँग नेपालका लागि संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजक लिला पिटर्स याहियाले आज शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

भेटमा नेपाल-संयुक्त राष्ट्रसङ्घ सहकार्य, युवा सहभागिता, शिक्षा, लैङ्गिक समानता, कूटनीति तथा जलवायु परिवर्तनका समसामयिक विषयमा विस्तृत छलफल भएको सभामुखको सचिवालयले जनाएको छ । भेटका क्रममा सभामुख अर्यालले आवासीय संयोजक याहियालाई स्वागत गर्दै नेपाल सरकार र सङ्घीय संसद् संयुक्त राष्ट्रसङ्घसँग समन्वयका लागि सदैव प्रतिबद्ध रहेको बताउनुभयो । पछिल्लो आम निर्वाचनपश्चात् गठन भएको प्रतिनिधिसभामा युवाहरूको उल्लेखनीय सहभागिता भएको उल्लेख गर्दै यसलाई नेपालको लोकतान्त्रिक अभ्यासको ऐतिहासिक उहाँले उपलब्धि बताउनुभयो ।



"निर्वाचनपश्चात् हामी परिणाममुखी कार्यसम्पादनमा केन्द्रित छौँ", सभामुख अर्यालले भन्नुभयो, "युवाहरूलाई सशक्तीकरण गर्दै अघिल्लो पुस्ताको अनुभवसँग समन्वय गरी अघि बढ्नु आजको आवश्यकता हो ।" उहाँले समावेशी लोकतन्त्र सुदृढीकरणका लागि महिला सहभागिता वृद्धि अपरिहार्य रहेको उल्लेख गर्दै वर्तमान संवैधानिक व्यवस्थालाई थप सुदृढ बनाउँदै महिला-पुरुष ५०/५० प्रतिनिधित्वतर्फ उन्मुख हुने लक्ष्य रहेको जानकारी दिनुभयो ।

सभामुख अर्यालले अबको राजनीतिक प्राथमिकता विकास, सुशासन र चेतनाको विस्तारमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । उहाँले विभिन्न पुस्ताबीचको अनुभव, ऊर्जा र क्षमताको समायोजनमार्फत शिक्षा, स्वास्थ्य लगायतका आधारभूत क्षेत्रमा सुधार ल्याउने उद्देश्यका साथ प्रभावकारी कानुन निर्माणमा संसद केन्द्रित हुने स्पष्ट पार्नुभयो ।

शान्ति स्थापना मिसनमा नेपालको योगदान उल्लेख गर्दै सभामुख अर्यालले नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना अभियानमा अग्रणी योगदानकर्ता राष्ट्रमध्ये एक भएको बताउनुभयो । अन्तरराष्ट्रिय सन्धि तथा महासन्धिहरूका सन्दर्भमा नेपालको राष्ट्रिय हितअनुरूप आवश्यक अध्ययन गरी उपयुक्त निर्णय लिने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

जलवायु परिवर्तनका विषयमा सभामुख अर्यालले नेपाल न्यून कार्बन उत्सर्जन गर्ने राष्ट्र भए तापनि यसको प्रत्यक्ष र गम्भीर असर भोगिरहेको उल्लेख गर्नुभयो । "हिमालहरू तीव्र रूपमा पग्लिरहेका छन्, जनजीवन प्रभावित भइरहेको छ र विपद्का घटनाहरू बढिरहेका छन्", उहाँले भन्नुभयो, "नेपालले जलवायु न्यायका लागि अन्तरराष्ट्रिय मञ्चहरूमा निरन्तर आवाज उठाइरहेको छौँ ।"

उक्त अवसरमा आवासीय संयोजक याहियाले संयुक्त राष्ट्रसङ्घका महासचिव तथा नेपालस्थित युएन टिमको तर्फबाट सभामुख अर्याललाई बधाई ज्ञापन गर्दै नेपालको लोकतान्त्रिक उपलब्धिको प्रशंसा गर्नुभयो । उहाँले सङ्क्रमणकालीन अवस्थाबाट सफलतापूर्वक बाहिरिँदै निर्वाचन सम्पन्न गरी युवामुखी संसद् गठन गर्नु नेपालका लागि मात्र नभई विश्वकै लागि उदाहरणीय भएको उल्लेख गर्नुभयो । रासस

# घरबारविहीनको व्यवस्थापनको जिम्मा सरकारले लिन्छः सभापति लामिछाने

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले घरबारविहीन नागरिकको उचित व्यवस्थापनको जिम्मा सरकारले लिने बताउनुभएको छ । बुधबार सिंहदरबारमा बसेको रास्वपा संसदीय दलको अनौपचारिक बैठकमा उहाँले जोखिमयुक्त क्षेत्रको बस्ती व्यवस्थापनका क्रममा सरकारले कसैलाई घरबारविहीन नबनाउने बताउनुभयो ।



"जोखिमपूर्ण स्थानमा रहेका सुकुम्बासीलाई पटकपटक सूचना दिएर सुरक्षित स्थानमा सरल तरिकाले सारिएको छ", सभापति लामिछानेको भनाइ उद्धृत गर्दै रास्वपाका प्रवक्ता मनिष झाले भन्नुभयो, "ढल र बाढीको छेउमा बस्न बाध्य नागरिकको सुरक्षित बासस्थानबारे चिन्ता छ र सबैको भविष्यबारे चिन्ता गर्नु यो सरकारको कर्तव्य हो ।"

सभापति लामिछानेले देशैभरि अव्यवस्थित बसोबाससम्बन्धी समस्यालाई एक विशेष आयोग बनाएर शीघ्र सम्बोधन गरिने बताउनुभयो । "सरकारले कोही सुकुम्बासीलाई घरबारविहीन हुन दिने छैन, आवश्यक समन्वयका लागि सुझाव स्वागत योग्य छ", उहाँले भन्नुभयो, "तर अनावश्यक राजनीतिकरण गर्नुहुँदैन । कसैलाई बाढीको जोखिम र ढलको छेउ बस्न बाध्य बनाएर 'भोट बैंक' को राजनीति गर्नु गलत हो ।"

'कसैलाई दुःख दिन होइन, आवश्यक सुधारका लागि अध्यादेश'

सभापति लामिछानेले जनअपेक्षा पूरा गर्न तथा आवश्यक सुधारका लागि सरकारले अध्यादेश सिफारिस गरेको बताउनुभयो ।

"विगतमा भएको अनावश्यक दलीयकरण र गलत नियुक्तिलाई नसच्याएसम्म जनताले यो सरकारबाट गरेको अपेक्षा पूरा गर्न सकिँदैन, पहिले अध्यादेश दल फुटाउन वा विपक्षीलाई थुन्न ल्याइने अभ्यास थियो । अहिलेको अभ्यास कसैलाई दुःख दिन वा कसैलाई सुविधा दिन हैन यो आवश्यक सुधारका लागि हो", उहाँले भन्नुभयो, "यो कदम, कानुनी दायरामा बसेर गरिँदै गरेको एक अभ्यास हो, कानुन, राजनीतिक व्यवहार र लोकतान्त्रिक पद्धतिप्रति राष्ट्रिय स्वतन्त्र पार्टी कति गम्भीर छ भन्ने कुराको सूचक संसदीय समिति प्रमुख प्रतिपक्षले एक वचन माग नगर्दा पनि दिएको अभ्यासले पनि देखाउँछ ।"रासस

# सम्भावित जोखिम नक्साङ्कनका लागि तथ्याङ्क अद्यावधिक गरिएको सेनाको प्रष्टोक्ति

काठमाण्डु । नेपाली सेनाले विपद् प्रतिकार्य र पूर्वतयारीलाई सहज बनाउने उद्देश्यका साथ सम्भावित जोखिम नक्साङ्कन गर्ने प्रयोजनका लागि तथ्याङ्क अद्यावधिक गरिएको स्पष्ट पारेको छ ।

सेनाका स्थानीय युनिटले आ-आफ्नो जिम्मेवारीका क्षेत्रमा हुनसक्ने विपद्का घटना व्यवस्थापनलाई सहज तुल्याउने हिसाबले सो कार्य गरेको सेनाद्वारा आज विज्ञप्तिमा उल्लेख छ ।

"बर्सातको समयमा बाढी, पहिरो, डुबान र नदी कटानबाट हुनसक्ने जोखिमलाई दृष्टिगत गरी सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि विपद् पूर्वतयारीको योजना गर्दै आएको छ", सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ । विगतका वर्षमा भएका विपद्का घटनालाई समेत मध्यनजर गर्दै उक्त तयारी गरिएको सेनाले स्पष्ट पारेको छ । रासस

# उत्पीडित समुदायको संवैधानिक अधिकार कार्यान्वयन गर्ने प्रतिबद्धता

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीले समाजका सबैभन्दा कमजोर अवस्थामा रहेका, गरिब, विपन्न, दलित, र सीमान्तकृत समुदायको संवैधानिक र कानुनी अधिकार कार्यान्वयन गर्ने प्रतिबद्धता गर्नुभएको छ ।

मन्त्रालयले यहाँ बुधबार आयोजना गरेको कार्यक्रममा उहाँले भन्नुभयो, "पछाडि परेको समुदायको सामाजिक जीवनमा रूपान्तरण गर्न वा सामाजिक सांस्कृतिक रूपमा हुँदै आएको भेदभाव, अपमान र हिंसाको अन्त्य गर्न हामीले यो समुदायको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न अनिवार्य छ, त्यसैले यो गम्भीर र संवेदनशील विषयमा हामीले भइरहेका संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ भने आवश्यक कानुन, नीति र कार्यक्रम तय गरी लागू गर्नुपर्नेछ ।"

मन्त्री वादीले सरकारले समग्र देशको विकासमा थिव्रताका साथ काम गरे तापनि मानवीय विकासका कार्यक्रमले प्राथमिकता नदिइकन नेपाली समाजको समग्रतामा विकास हुन सक्दैन र रूपान्तरण हुन नसक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "त्यसैले हामीले सामाजिक र मानवीय विकासलाई सबैभन्दा पहिलो प्राथमिकतामा राख्नुपर्छ, मानवीय विकास न्याय, समानता र हिंसाको अन्त्यसँग गहिरो रूपमा जोडिएको छ, त्यसैले हामीले समाजका सबैभन्दा कमजोर अवस्थामा रहेका, गरिब, विपन्न, दलित, र सीमान्तकृत समुदाको सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक रूपान्तरणतर्फ ध्यान केन्द्रित गर्नै पर्छ ।" विशेषगरी सामाजिक विकास मन्त्रालय वा सरोकारवालानिकायलेयो विषयमा केन्द्रित भएर समग्र सामाजिक र मानवीय विकासमा केन्द्रित हुने दिशातिर कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा गम्भीरतापूर्वक छलफल गर्न आवश्यक रहेको उहाँको भनाइ छ । उहाँले देशको सबैभन्दा धेरै जनसङ्ख्या रहेको महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत सबै सीमान्तकृत समुदायको पक्षमा काम गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी आफ्नो मन्त्रालयमा भए पनि सो जिम्मेवारी केबल सङ्घीय मन्त्रालयको मात्रै नभई प्रदेश र स्थानीय सरकारको पनि भएको बताउनुभयो ।



उहाँले भन्नुभयो, "विशेषगरी जनताको घरदैलोमासरकारकोउपस्थिति, जनताको आवश्यकता, चाहना र अप्ठ्यारामा जनताको पहुँचमा सरकार पुग्ने मान्यताअनुरूप हामीले सङ्घीयताको अभ्यास गरेका हौँ, अझ समाजका सबैभन्दा पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा सबैभन्दा सीमान्तकृत समुदायको पहुँचमा राज्यको उपस्थिति सुनिश्चितता सङ्घीय शासन व्यवस्थाको मूल मर्म हो ।"

समुदायको राज्यसत्तामा पहुँच र अर्थपूर्ण प्रतिनिधित्वको लागि हामीले सङ्घीयताको अभ्यास गरेका हौँ भने ऐतिहासिक उत्पीडक र वञ्चितीकरणमा पारिएका समुदायको राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक जीवनमा रूपान्तरण गरेर न्यायपूर्ण समाज निर्माण सङ्घीयताको मूल उद्देश्य रहेको उहाँको भनाइ छ । रासस

# इरान प्रस्तावमा आशङ्का, युद्ध अन्त्य अनिश्चित



रासस/एएफपी । मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबीचको तनावपूर्ण द्वन्द्व अन्त्य गर्ने प्रयासहरू नयाँ मोडमा पुगेका बेला वासिङ्टनभित्रै अनिश्चितता गहिरिँदै गएको छ । इरानले अघि सारेको पछिल्लो प्रस्तावप्रति अमेरिकी नेतृत्व सशङ्कित देखिएको छ भने यही सन्दर्भमा पेन्टागन प्रमुख पीट हेग्सेथले बुधबार पहिलो पटक कांग्रेससमक्ष गवाही दिने तयारी गर्नुभएको छ ।

दुई महिनादेखि जारी युद्धका कारण इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण जलमार्ग अवरुद्ध गरेको छ, जसले विश्वव्यापी तेल तथा ग्यास आपूर्तिमा गम्भीर असर पार्दै अन्तर्राष्ट्रिय अर्थतन्त्रमा तरङ्ग पैदा गरेको छ । यस्तो अवस्थामा युद्धविरामतर्फको कुनै पनि पहल निर्णायक बन्न सक्ने भए पनि वासिङ्टनले तेहरानको प्रस्तावलाई सहज रूपमा स्वीकार गर्ने सङ्केत देखिएको छैन ।

अमेरिकी अधिकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्प इरानी प्रस्तावप्रति सन्तुष्ट नरहेको अन्तर ाष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका विवरणहरूलाई अस्वीकार गरेका छैनन् । यसैबीच, ह्वाइट हाउसमा आयोजित राजकीय भोजका क्रममा ट्रम्पले इरानलाई 'सैन्य रूपमा पराजित' भइसकेको दाबी गर्दै आफ्नो कडा धारणा सार्वजनिक गर्नुभयो । उहाँले इरानलाई कहिल्यै आणविक हतियार प्राप्त गर्न नदिने अडान दोहोऱ्याउँदै बेलायतका राजा चार्ल्स तृतीयसमेत यसमा सहमत रहेको दाबी गर्नुभयो ।

तर तेहरानको प्रतिक्रिया त्यसको ठीक विपरीत देखिएको छ । इरानी सेनाका प्रवक्ताले राज्य टेलिभिजनमार्फत अमेरिकाप्रति कुनै विश्वास नरहेको स्पष्ट पार्दै युद्ध समाप्त भएको नठानिएको बताए । उहाँले आवश्यक परेमा नयाँ रणनीति र प्रविधिको प्रयोग गरी अझ कडा जवाफ दिन सक्ने चेतावनी दिए ।

पछिल्ला दिनहरूमा वार्ताको प्रयासहरू प्रभावकारी हुन नसकेको देखिएको छ । उपराष्ट्रपति जेडी भान्स प्रस्तावित वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहनुभए पनि अन्तिम समयमा कार्यक्रम स्थगित भएको थियो । इरानको फार्स समाचार एजेन्सीका अनुसार पाकिस्तानमार्फत आएको नयाँ प्रस्तावमा होर्मुज जलघाँटी लगायतका संवेदनशील विषयलाई 'रेड लाइन' का रूपमा प्रस्तुत गरिएको छ ।

उक्त प्रस्तावअनुसार इरानले जलमार्गमा आफ्नो नियन्त्रण केही खुकुलो बनाउने र त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउने सम्भावना उल्लेख गरिएको छ । यद्यपि, इरानको आणविक कार्यक्रमजस्तो जटिल विषयमा भने विस्तृत वार्ता जारी राख्ने प्रस्ताव गरिएको छ ।

अ म े ि र क ी विदेशमन्त्री मार्को रुबियोले प्रस्ताव अपेक्षाभन्दा 'राम्रो' भए पनि त्यसको विश्वसनीयतामाथि प्रश्न उठाउनुभयो । विशेषगरी इजरायलले इरानी वरिष्ठ अधिकारीहरूको हत्या गरेपछि प्रस्ताव राख्ने पक्षसँग पर्याप्त अधिकार छ कि छैन भन्ने विषयमा उहाँले आशङ्का व्यक्त गर्नुभयो । उहाँले अन्तिम सहमति भएमा त्यसले इरानलाई आणविक हतियार विकासतर्फ अघि बढ्न रोक्नुपर्ने स्पष्ट पार्नुभयो ।

यता इरानी रक्षा मन्त्रालयका प्रवक्ताले भने अमेरिकाले आफ्ना 'अवैध र अव्यावहारिक मागहरू' त्याग्नुपर्ने बताएका छन् । उनले अन्तर्राष्ट्रिय राजनीति परिवर्तन भइसकेको भन्दै अमेरिकाले एकल रूपमा अन्य राष्ट्रहरूलाई निर्देशन दिने अवस्था समाप्त भएको दाबी गरे ।

मध्यस्थकर्ताको भूमिकामा देखिएको कतारले स्पष्ट समाधान ननिस्किए दीर्घकालीन गतिरोधपूर्ण अवस्था कायम रहन सक्ने चेतावनी दिएको छ । यही अनिश्चितताले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पुनः उकालो लागेको छ । ब्रेन्ट कच्चा तेलको मूल्य युद्धविरामअघि झरेको स्तरभन्दा माथि पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेटले पनि दुई हप्तापछि पुनः १०० डलर नाघेको छ ।

युद्ध लम्बिँदै जाँदा अमेरिकाभित्र पनि दबाब बढ्दै गएको छ । आगामी मध्यावधि चुनाव नजिकिँदै गर्दा सर्वसाधारणबीच युद्धप्रति असन्तुष्टि बढ्दो देखिएको छ । यस्तो अवस्थामा ट्रम्पमाथि द्वन्द्वबाट बाहिरिने स्पष्ट मार्ग खोज्न दबाब परेको छ ।

अन्तर्राष्ट्रिय रूपमा समेत आलोचना बढ्दै गएको छ । जर्मन चान्सलर फ्रेडरिक मर्जले अमेरिकासँग स्पष्ट रणनीति नभएको टिप्पणी गर्नुभएको थियो, जसको ट्रम्पले सामाजिक सञ्जालमार्फत कडा प्रतिक्रिया दिनुभयो ।

यसैबीच, लेबनान क्षेत्रमा पनि तनाव कायम छ । इरान समर्थित हिजबुल्लाह र इजरायलबीच युद्धविराम विस्तार भए पनि छिटपुट हिंसा जारी छ । लेबनानी सेनाले इजरायली आक्रमणमा आफ्ना दुई सैनिक घाइते भएको जनाएको छ । इजरायलले भने हिजबुल्लाहको गतिविधिलाई युद्धविराम उल्लङ्घन भन्दै विभिन्न क्षेत्र खाली गर्न चेतावनी दिएको छ र ठूलो सुरुङ सञ्जाल ध्वस्त पारिएको दाबी गरेको छ ।

इजरायली विदेशमन्त्री गिदोन सारले आफ्नो देशको लेबनानमा कुनै क्षेत्रीय महत्त्वाकांक्षा नभएको दोहोऱ्याउँदै सशस्त्र समूह निष्क्रिय भएपछि त्यहाँ उपस्थितिको आवश्यकता नपर्ने बताउनुभयो । तर हिजबुल्लाहका नेता नईम कासिमले भने आफ्नो समूह पछि नहट्ने स्पष्ट सङ्केत दिनुभएको छ । रासस

## अष्ट्रेलियामा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु ; ११ जना घाइते

रासस/एएनआई । दक्षिण अस्ट्रेलियाको एडिलेडको पाराफिल्ड एयरपोर्टमा अवतरण गर्ने क्रममा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको स्थानीय मिडियाले जनाएका छन् ।

दुर्घटखामा परेर एक जना पाइलट र एक जना यात्रुको मृत्यु भएको बताइएको छ । दुर्घटनामा घाइते भएका अन्य ११ जनालाई उपचारका लागि अस्पतालमा लगिएको स्थानीय मिडियाले जनाएका छन् ।

आपतकालीन सेवाले घटना पछि उद्धार र राहतको लागि नजिकैको क्षेत्र खाली गरिएको प्रहरीले विज्ञप्ति मार्फत जनाएको छ ।

प्रहरीका अनुसार एक जना घाइतेलाई गम्भिर चोट लागेको थियो भने अन्यलाइ सामान्य भाट पटक लागेको थियो ।

"उडानको केही समय पछि नै विमान विमानस्थल स्रोतसँग सम्पर्क विहिन भई दुखद दुर्घटनाग्रस्त भएको विमानस्थलका प्रमुख निरीक्षक एन्ड्र्यू म्याक्र्याकेनलाई उद्दृत गर्दै एबीसी न्यूजले जनाएको छ ।

दुर्घटना पछि बाक्लो कालो धुवाँ नजिकैको क्षेत्रमा फैलिएकाले अग्नि नियन्त्रक सेवाले प्रवावित क्षेत्रका मानिसहरूलाई घर भित्रै बस्न सल्लाह दिएको छ ।रासस

# मध्यपूर्व युद्ध शुरु भएदेखि इरानद्वारा २१ जनालाई मृत्युदण्ड चार हजारलाई पक्राउ : राष्ट्रसङ्घ



रासस/एएफपी । इरानले मध्यपूर्व युद्ध सुरु भए देखि कम्तिमा २१ जनालाई मृत्युदण्ड दिनुका साथै चार हजार भन्दा बढीलाई पक्राउ गरेको संयुक्त राष्ट्रसङ्घले बुधबार जनाएको छ ।


गत फेब्रुअरीको अन्त्यमा भएको आक्रमणको कारण युद्ध सुरु भए देखि सन् २०२६ जनवरीमा विरोध प्रदर्शनको क्रममा कम्तिमा नौ जनालाई मृत्युदण्ड दिइएको जनाइएको छ । यसै गरी थप १० जनालाई विपक्षी समूहको सदस्यता लिएको आरोपमा र दुई जनालाई जासुसीको आरोपमा मृत्युदण्ड दिइएको संयुक्त राष्ट्रसङ्घको अधिकार कार्यालयले जनाएको छ ।

यसै बीच चार हजार भन्दा बढी मानिसहरूलाई राष्ट्रिय सुरक्षा सम्बन्धी विषयका आधारमा पक्राउ गरिएको अनुमान गरिएको छ ।

द्वन्द्वको क्रममा धेरै कैदीहरू जबरजस्ती बेपत्ता, यातना वा क्रूर, अमानवीय र अपमानजनक व्यवहार को सिकार भएको बताएको छ । संयुक्त राष्ट्रसङ्घका अधिकार प्रमुख भोल्कर टर्कले आरोपको जबरजस्ती स्वीकारोक्ति लगायतका गम्भीर आरोपले इरानी जनताको अधिकार सिमित गरेको उल्लेख गर्दै विज्ञप्ति जारी गर्नु भएको छ । उहाँले अधिकारीहरूलाई थप मृत्युदण्डमा रोक लगाउन, उचित प्रक्रियाबाट निष्पक्ष परीक्षणको पूर्ण ग्यारेन्टी सुनिश्चित गर्न र मनमानी ढङ्गले हिरासतमा राखिएका व्यक्तिहरूलाई तुरुन्तै रिहा गर्न आह्वान गर्नु भएको छ ।

एम्नेस्टी इन्टरनेसनल लगायतका अधिकार समूहहरूले इरानले प्रत्येक वर्ष विभिन्न आरोपमा मानिसहरूलाई मृत्युदण्ड दिदै आएको छ । रासस

# मेटामाथि इयुको बालसुरक्षा आरोप



रासस/एपी । युरोपेली सङ्घ (इयु) ले सामाजिक सञ्जालमार्फत बालबालिकाको सुरक्षामा गम्भीर कमजोरी देखिएको भन्दै प्रविधि कम्पनी मेटामाथि औपचारिक रूपमा दबाब बढाएको छ । नियामकहरूले फेसबुक र इन्स्टाग्रामजस्ता प्लेटफर्ममा कम उमेरका प्रयोगकर्तालाई रोक्न असफल भएको निष्कर्ष सार्वजनिक गर्दै कडा कारबाहीको चेतावनी दिएका छन् ।

इयुको कार्यकारी निकाय युरोपेली आयोगले बुधबार सार्वजनिक गरेको प्रारम्भिक मूल्याङ्कनमा मेटाले १३ वर्षभन्दा कम उमेरका बालबालिकालाई प्लेटफर्ममा साइन अप गर्नबाट रोक्न प्रभावकारी प्रणाली विकास गर्न नसकेको जनाएको छ । आयोगका अनुसार खाता खोलिसकेपछि पनि यस्ता प्रयोगकर्तालाई पहिचान गरी हटाउने काम पर्याप्त रूपमा भइरहेको छैन ।

मेटाले आफ्नै नियमअनुसार फेसबुक र इन्स्टाग्राम प्रयोग गर्न न्यूनतम उमेर १३ वर्ष तोकेको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन कमजोर देखिएको आयोगको ठहर छ । यसले बालबालिकालाई प्लेटफर्ममा प्रवेश मात्र होइन, उनीहरूलाई उमेरअनुसार अनुपयुक्त सामग्री र अनुभवको जोखिममा पनि राखिरहेको उल्लेख गरिएको छ ।

यो मुद्दा केवल पहुँचमा सीमित नभएको आयोगले जनाएको छ । १३ वर्षमुनिका बालबालिकाले प्लेटफर्म प्रयोग गर्दा उनीहरू कस्तो सामग्रीसँग सम्पर्कमा आउँछन् भन्ने जोखिमको मूल्याङ्कनसमेत मेटाले पर्याप्त रूपमा नगरेको निष्कर्ष निकालिएको छ ।

युरोपेली आयोगले यो कारबाही डिजिटल सेवा ऐन (डिएसए) अन्तर्गत अघि बढाएको हो । उक्त ऐनले २७ सदस्य राष्ट्रहरूमा सञ्चालन गर्ने ठूला प्रविधि कम्पनीहरूलाई प्रयोगकर्ताको सुरक्षा, विशेषगरी नाबालिगहरूको सुरक्षामा थप जिम्मेवार बनाउने व्यवस्था गरेको छ । आयोगका कार्यकारी उपाध्यक्ष हेना विर्क्कुनेनले सन् २०२४ देखि सुरु गरिएको अनुसन्धानले मेटाका प्लेटफर्महरूले आफ्नै नियम र सर्तमा १३ वर्षमुनिका प्रयोगकर्तालाई लक्षित नगर्ने उल्लेख गरे पनि व्यवहारमा त्यसलाई लागू गर्न 'अत्यन्त सीमित प्रयास' मात्र गरिएको देखाएको बताउनुभयो । उहाँका अनुसार नियमहरू केवल कागजमा सीमित नहुने, प्रयोगकर्ताको सुरक्षाका लागि ठोस कार्यमा रूपान्तरण हुनुपर्ने स्पष्ट सन्देश दिनुपर्ने समय आएको छ ।

अब मेटालाई आयोगको प्रारम्भिक निष्कर्षमा आफ्नो प्रतिक्रिया दिने अवसर दिइनेछ । अन्तिम निर्णयपछि यदि उल्लङ्घन प्रमाणित भएमा कम्पनीलाई विश्वव्यापी वार्षिक आम्दानीको छ प्रतिशतसम्म जरिवाना लगाइने सम्भावना रहेको छ ।

यस विषयमा मेटाले भने तत्काल कुनै प्रतिक्रिया दिएको छैन ।

# ओमानसंग नेपाल पराजित



**टुडे समाचारदाता**

जनकपुरधाम । जतिन्द्र सिंहको सानदार शतकमा ओमानले आइसिसी विश्वकप लिग टुमा नेपाललाई डिएल मेथडमा १ सय २ रनले पराजित गरेको छ । लिग टुमा ओमानको यो १४ औं जित हो ।

जितको लागि ३ सय ६ रनको विशाल लक्ष्य पछ्याएको नेपालले ३६.५ ओभरमा ७ विकेट गुमाएर १ सय ५५ रन बानउँदा पानी पर्न सुरु गर्यो। यसपछि खेल हुन नसकेपछि ओमानले डिएल मेथडमा जित हात परेको छ।

नेपालले खराब सुरुवात गर्यो। दोस्रो ओभरको पहिलो बलमा कुशल भुर्तेल १ रनमा सकिब अहमदद्वारा एलबिडब्लु आउट भए। १ रन जोड्दा ओपनर गुमाएको नेपालले ३३ रन बनाउँदा अर्का ओपनर आशिफ शेखलाई पनि गुमायो ।

२५ रन जोडेर आशिफ पनि सकिब कै बलमा आउट भए। पहिलो पावर प्लेमा नेपालले २ विकेटको नोक्सानीमा ३६ रन बनायो ।

पानी पर्ने संभावन उच्च रहँदा नेपालले सम्हालिएर खेल्नुपर्ने थियो। तर त्यसो भएन। कप्तान रोहित १० रन बनाएर नदिम खानको बलमा बोल्ड आउट भए। १६ औं ओभरमा रोहित आउट हुँदा नेपालले ५४ रन बनाएको थियो। लगत्तै बसिर अहमद १ रनमा पबिलियन फर्कदा नेपाली इनिङ्स संकटमा परेको छ।

नेपालले कुनै पनि समय ठूलो साझेदारी बन्न सकेन। भीम सार्की २८ रनमा र आरिफ शेख १४ रनमा आउट भए । १ सय ६ रन जोड्दा नेपालले ६ विकेट गुमायो। यो सँगै नेपालको हार लगभग निश्चित भएको थियो ।

यस खेलमा पनि दिपेन्द्र सिंह ऐरीको ब्याटबाट रन बन्यो। उनी जारी सिरिजमा लगातार दोस्रो पटक अर्धशतक बनाउन सफल रहे। ६२ बल खेल्दै ७ चौका र १ छक्का सहित ६० रमको पारी खेलेर मोहम्मद इमरानको बलमा वासिम अलिद्वारा क्याच आउट भए ।

लिग टुका पछिल्लो ४ खेलमा उनको यो तेस्रो अर्धशतक हो भने ओडिआईको सातौं अर्धशतक हो। उनी आउट हुँदा नेपालले १ सय ५३ रन बनाएको थियो ।

क्रिजमा गुल्सन झा १४ र सोमपाल कामी २ रनमा अविजित रहँदा पानी पर्न शुरु भएको थियो । बलिङमा ओमानका नदिम खानले सर्वाधिक ३ विकेट र सकिल अहमदले २ विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको ओमानले ५० ओभरमा ८ विकेट गुमाएर ३ सय ५ रन बनाएको छ । ओमानले नेपाली बलरहरूलाई दबाब दिँदै राम्रो सुरूवात गरे ।

ओपनरद्वय जितेन्द्र सिंह र आशिष ओडेडाराले पहिलो पावर प्लेमा ५९ रन बनाए । १० ओभर सम्म फास्ट बलरहरू करण केसी, सोमपाल कामी र गुल्सन झाले विकेट झार्न सकेनन् ।

१४ औं ओभरको अन्तिम बलमा बसिर अहमदको बलमा छक्का प्रहार गर्दै जतिन्द्रले ३८ बलमा ७ चौका र ३ छक्का सहित अर्धशतक बनाए । यो साझेदारीलाई सन्दीपले तोडे। १५ औं ओभरको दोस्रो बलमा २३ रन बनाएका आशिष ओडेडारा आउट भए । पहिलो विकेट गुमाउँदा ओमानले ८० रन बनाएको थियो ।

यसपछि १६ औं ओभरको पाँचौं बलमा दीपेन्द्र सिंह ऐरीले १ रन बनाएका नउिम खानलाई बोल्ड आउट गरे । २० ओभर ५ बलमा २ विकेटको नोक्सानीमा ओमानले १०० रन पूरा गर्न सकेको थियो ।

दीपेन्द्रले तेस्रो विकेट लिएका थिए । उनले ३० रन बनाएका हमाद मिर्जालाई भीम सार्कीद्वारा क्याच आउट गराए । तेस्रो विकेटको नोक्सानीमा ओमानले १ सय ६४ रन बनाएको थियो ।

नेपाली बलरहरूलाई निरिह बानउँदै जतिन्द्रले शतक बनाए। उनले ७१ बल खेल्दै १३ चौका र ३ छक्का सहित शतक बनाए । जतिन्द्रको नेपाल विरूद्ध यो दोस्रो शतक हो । ओडिआईमा भने उनको यो पाँचौं शतक हो ।

जतिन्द्रको महत्वपूर्ण विकेट सोमपाल कामीले लिए। ९६ बल खेल्दै १५ चौका र ५ छक्का सहित १ सय ३० रन जोडेर जतिन्द्र सोमपालको बलमा बसिरद्वारा क्याच आउट भए। उनको करियरको यो सर्वाधिक रन हो ।

यसअघि उनले १ सय १८ पिएनजी विरूद्ध बनाएका थिए । चौथो विकेटको नोक्सानीमा ओमानले ३४ ओभर ६ बलमा १ सय ९२ रन बनाएको थियो ।

पाँचौं विकेट सन्दीपले लिए । ३५ रन बनाएका आर्यान बिष्ट ३५ रनमा आउट भए । यसपछि २३ रन बनाएका विनायक शुक्लालाई सपमपाल कामीले पबिलियनको बाटो देखाइदिए ।

६ विकेटको नोक्सानीमा ओमानले २ सय ८७ रन बनाएको थियो । सोमपालले अन्तिम ओभरको पहिलो बलमा ४३ रन बनाएका जितेन रामानन्दी बोल्ड आउट भए । लगतै अर्को बलमा सोमपालले सकिब अहमदलाई डक आउट गरे ।

बलिङमा सोमपालले ९ ओभरमा ५९ रन दिएर सर्वाधिक ४ विकेट लिए । सन्दीपले किफायती बलिङ गरे । उनले १० ओभरमा मात्र २४ रन दिएर २ विकेट लिए । दीपेन्द्रले पनि २ विकेट झारे ।

१४ औं जितमा ३१ अंक बनाएको ओमान अंक तालिकाको तेस्रो स्थानमा रहेको छ । नेपालको यो १४ औं हार हो । १४ अंक सहित नेपाल सातौं स्थानमा रहेको छ । अब शुक्रबार नेपाल र युएईबीचको खेल हुने आयोजकले जनाएको छ ।

## यू-१६ क्रिकेट:
# एरे इन्टरनेशनल स्कूल विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम । यू-१६ अन्तरविद्यालयक्रिकेटप्रतियोगिता-२०२६ अन्तर्गत राष्ट्रिय विद्यालय स्तरीय च्याम्पियनसिपको उपाधि एरे इन्टरनेशनल स्कूल विजयी भएको छ ।

फाइनल खेलमा सिद्धार्थ शिशु सदनलाई ४ विकेटले पराजित गर्दै एरे इन्टरनेशनल स्कूल विजेता बनेको हो ।

फाइनलमा पहिले ब्याटिङ गरेको सिद्धार्थ शिशु सदनले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९९ रन बनाएको थियो । सामान्य लक्ष्य पछ्याएको एरे इन्टरनेशनल स्कूलले १६.१ ओभरमै ६ विकेट गुमाएर १०१ रन बनाउँदै सहज जित हासिल गऱ्यो ।

प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेको एरे इन्टरनेशनल स्कूलले फाइनलमा पनि संयमित खेल प्रस्तुत गरेको आयोजकको भनाइ छ ।

# महिलातर्फ लिकुवापोखरी र पुरुषतर्फ सावाकटहरेलाई उपाधि




खोटाङ । खोटेहाङ गाउँपालिकाले आयोजना गरेको 'आठौं गाउँपालिका अध्यक्ष कप-२०८३' अन्तर्गत भलिबल प्रतियोगिताको उपाधि महिलातर्फ लिकुवापोखरी र पुरुषतर्फ सावाकटहरेले जितेको छ ।

गाउँपालिकाको नवौं वार्षिक उत्सवको अवसर पारेर सिम्पानी बजारमा आयोजना गरिएको महिला/पुरुष गाउँपालिकास्तरीय भलिबल प्रतियोगितामा महिलातर्फ इन्द्रेणीपोखरीलाई ३-१ ले हराउँदै लिकुवापोखरी र पुरुषतर्फ वाप्लुखालाई ३-१ ले नै हराउँदै सावाकटहरेले उपाधि जितेको हो ।

गाउँपालिकास्तरीय भलिबल प्रतियोगिताका उपाधि विजेता लिकुवापोखरी र सावाकटहरेले नगद रु ८१/८१ हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको वडा नं २ वाप्लुखाका वडाध्यक्ष पारस राईले जानकारी दिनुभयो । उपविजेता इन्द्रेणीपोखरी र वाप्लुखाले नगद रु ६१/६१ हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

चार दिनसम्म सञ्चालन भएको आठौं गाउँपालिका अध्यक्ष कप भलिबल प्रतियोगितामा महिलातर्फ सिम्पानी र वाप्लुखा तथा पुरुषतर्फ सिम्पानी र लिच्कीराम्चे सेमिफाइनलिष्ट बनेका छन् । प्रतियोगिताका सेमिफाइनलिष्ट चारवटै टोलीलाई नगद रु ३१/३१ हजारको साथमा मेडल र प्रमाणपत्र प्रदान गरिएको गाउँपालिकाले जनाएको छ ।

आठौं संस्करणको भलिबल प्रतियोगितामा महिलातर्फ सर्वोत्कृष्ट खेलाडीमा लिकुवापोखरीकी आस्था राई, उत्कृष्ट स्पाईकरण् इन्द्रेणीपोखरीकी एनिशा राई, उत्कृष्ट लिफ्टर सिम्पानीकी तृष्णा राई घोषित हुनुभएको छ । यस्तै, पुरुषतर्फको प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीमा सावाकटहरे जोसेप राई, उत्कृष्ट स्पाइकरमा लिकुवापोखरीका विशाल खड्का तथा उत्कृष्ट लिफ्टरमा सावाकटहरेका लोकराज खड्का घोषित भएका छन् ।

प्रतियोगिता अवधिभरका अनुशासित टोलीमा महिलातर्फ सिम्पानी तथा पुरुषतर्फ लिच्कीराम्चे घोषित भएको छ । विद्यागत पुरस्कार विजेता खेलाडीले नगद रु तीन/तीन हजारको साथमा मेडल र प्रमाणपत्र तथा अनुशासित टोलीलाई नगद रु पाँच/पाँच हजारको साथमा मेडल र प्रमाणपत्र प्रदान गरिएको खोटेहाङ गाउँपालिकाका सूचना अधिकारी रोशन पौडेलले जानकारी दिनुभयो । यही वैशाख-१२ गतेदेखि सुरु भएको अध्यक्ष कप भलिबल प्रतियोगिताका विजेता खेलाडीहरूलाई गाउँपालिका प्रमुख उदिमबहादुर राई 'मुक्ति', उपप्रमुख रूपेश राई र प्रमुख प्रशासकीय अधिकृत महेश राईले संयुक्तरूपमा पुस्कार वितरण गर्नुभएको छ । आठौं संस्करणको अध्यक्ष कप भलिबल प्रतियोगितामा महिलातर्फ आठ तथा पुरुषतर्फ १४ टोलीको सहभागिता रहेको गाउँपालिकाले जनाएको छ ।

खेल क्षेत्रको विकाससँगै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रत्येक वर्ष फरक-फरक वडामा आयोजना गरिँदै आएको भलिबल प्रतियोगितामा गत वर्षको उपाधिसमेत लिकुवापोखरी र सावाकटहरेले नै जितेको थियो ।रासस

# उच्च क्षमताका प्रसारण लाइन निर्माणमा सरकारको उच्च प्राथमिकतामा



काठमाण्डु । सरकारले उत्पादित बिजुलीलाई प्रमुख लोड सेन्टरहरुसम्म पुऱ्याउन, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरणका लागि उच्च क्षमताका प्रसारण लाइन निर्माण गर्ने समयसीमा सार्वजनिक गरेको छ।

प्रसारण लाइन निर्माणमा देखिएको बेथिती अन्त्य गर्ने, तोकिएको समय अगावै निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ प्रक्रिया अगाडि बढाउने भएको हो । प्रसारण लाइन निर्माणमा देखिएको रुख कटानको समस्या समााधान गर्ने, मुआब्जा वितरणमा देखिएको जटिलता फुकाउने तथा लगानीको विविधकरण गर्ने कार्यक्रम निर्धारण गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको 'विद्युत् खपत वृद्धि तथा ऊर्जा निर्यात रणनीति, २०८२' प्रसारण लाइन निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरेको छ। रणनीतिअनुसार, हेटौडा- ढल्केबर इनरुवा प्रसारण लाइनको हेटौडा ढल्केबर खण्ड चालु आवको अन्त्यसम्म निर्माण सम्पन्न गर्ने समयसीमा निर्धारण गरिएको छ । सो प्रसारण लाइनको पूर्वी खण्ड ढल्केबर-इनरुवा खण्ड भने यसअघि नै सम्पन्न भइसकेको छ।

सो आयोजनालाई शीघ्र निर्माण सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरणलाई जिम्मेवार बनाइएको छ। रुख कटान, वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जालगायतका समस्याका कारण सो आयोजना लामो समयदेखि समस्यामा परेको थियो। पछिल्ला दिनमा सो समस्या समाधान भएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको पहलमा नियमित काम सुरु भइसकेको छ।

यसैगरी नयाँ खिम्ती बाह्रबिसे काठमाडौं प्रसारण लाइनको काम आव २०८४/८५ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । उक्त प्रसारण लाइनको क्षमता चार सय केभीको हो। सो प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधानका लागि स्थानीय तह र वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवार बनाइएको छ।

हेटौंडा-रातमाटे लप्सीफेदी न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन आव २०८६/८७ सम्म निर्माण सम्पन्न हुनेछ । सो प्रसारण लाइन चार सय केभी क्षमताको हो । यसैगरी नयाँ बुटवल-लमही प्रसारण लाइन आव २०७८/८८ सम्म निर्माण सम्पन्न हुनेछ।

यस्तै, लहमी-छिन्चु दोदोधारा प्रसारण लाइन आव २०८९/९० सम्म निर्माण सम्पन्न हुनेछ । किमाथांका- हाइटार सितलपाटी प्रसारण लाइन आव २०८९/९० सम्म सम्पन्न हुनेछ।

अरुण हब इनरुवा प्रसारण लाइन, इनरुवा-अनारमणी प्रसारण लाइन, फुकोट बेतन दोदोधारा प्रसारण लाइन, तिंगला दुधकोशी-ढल्केबर प्रसारण लाइन आव २०९०/९१ सम्म सम्पन्न गर्ने लक्ष्य रणनीतिमा समावेश गरिएको छ।

भेरी करिडोर प्रसारण लाइन र सेती करिडोर प्रसारण लाइन पनि आव २०९०/९१ मा सम्पन्न हुनेछ । दोदोधारा-अत्तरिया लम्की प्रसारण लाइन भने आव २०९१/९२ सम्म सम्पन्न हुनेछ। ती सबै प्रसारण लाइनको क्षमता चार सय केभीको छ।

उत्पादित बिजुलीलाई सहज रुपमा प्रसारण गराएर लाड सेन्टरहरुमा पुऱ्याउने लक्ष्यका साथ सरकारले प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेको छ । आवश्यक संरचनागत सुधार गरिने, नीतिगत अस्पष्टता हटाउने तथा तोकिएको समयमा नै आयोजना सम्पन्न गर्ने लक्ष्यलाई रणनीतिले विशेष प्राथमिकतामा राखेको छ। यस्तै, अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि उत्तिकै महत्वका साथ रणनीतिले समेटेको छ। अन्तरदेशीय प्रसारण लाइनको क्षमता अभिवृद्धि पनि अर्को महत्वपूर्ण पक्ष छ।

ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन आव २०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, नानपारा नेपालगञ्ज, इनरुवा पूर्णिया, लम्की बेरली, लमही लखनउ, निजगण मोतिहारी, चमेलिया जौलजिवी, ढल्केबर मुजफ्फरपुर र चिलिमे हब केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण प्राथमिकतामा छ।

आन्तरिक रुपमा बिजुलीको खपत बढाउने, बढी भएको बिजुली क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा बिक्री वितरण गर्ने लक्ष्यलाई रणनीतिले स्पष्ट रुपमा सूचीकृत गरेको छ। त्यस्तै, स्मार्ट ग्रिड र सवस्टेशनको आधुनिकीकरण निरन्तर रुपमा अगाडि बढाइनेछ । सवस्टेशनको क्षमता विस्तार गरेर ४० हजार एमभीए पुऱ्याइनेछ। सो कार्य आव २०९२/९३ सम्म सम्पन्न हुनेछ।

कृषि क्षेत्रको आधसनिकीकरण र किसानको खेतसम्म नै फिडर पुऱ्याउने लक्ष्यलाई पनि उत्तिकै महत्व दिएको रणनीतिमा भूमिगत वितरण प्रणालीको काम २०८५ सम्म सम्पन्न गर्ने उल्लेख गरिएको छ । आव २०९२/९३ सम्म एलपी ग्यास अनुदान खारेजी गर्ने र विद्युतीय चुल्होमा अनुदान दिइनेछ । देशभर चार्जिङ स्टेशन सञ्जाल विस्तार गर्ने, प्रमुख शहरहरुमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गरिनेछ।

हाल नेपालको कूल जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको छ । राष्ट्रिय प्रसारण ग्रिडको विस्तारसँगै ९८ प्रतिशत जनसङ्ख्यामा विद्युत् को पहुँच पुगेको छ । सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता अनुरुप खनिज इन्धनको परनिर्भरता घटाई स्वदेशी बिजुलीको खपत बढाउन अबलम्बन गर्नुपर्ने सबै काम अगाडि बढाउने रणनीतिको लक्ष्य छ।

नेपालले भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरिसकेको छ। हाल करिब एक हजार दुई सय मेगावाट बिजुली भारत र बंगलादेशतर्फ आयात निर्यात भइरहेको अवस्था छ। रासस

## ललितपुरको बालकुमारीमा दुई अर्ब लागतमा 'सबस्टेशन' निर्माण हुने



काठमाण्डु । ललितपुरको बालकुमारीमा जीआइएस सबस्टेशन निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया पूरा भएको छ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को स्वामित्वमा रहेको चार रोपनी जग्गा उपयोग गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृत दिएसँगै प्रक्रिया पूरा भएको हो ।

लामो समयदेखि अवरुद्ध रहेको उक्त सबस्टेशन निर्माणका गर्न ऊर्जा, जलस्रोत तथा मन्त्रालयले पहल गरेको थियो । काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई सुदृढ, भरपर्दो र दिगो बनाउनका निम्ति सो क्षेत्रमा उच्च क्षमताको जीआइएस सबस्टेशन निर्माण प्रक्रिया अगाडि बढाइएको थियो । तर, जग्गा प्राप्त नहुँदा चार वर्षभन्दा बढी समयदेखि परियोजना रोकिएको थियो ।

उक्त सबस्टेशन एसियाली विकास बैंक (एडिबी)को ऋण लगानीमा दुई अर्ब रुपैयाँको लागतमा निर्माण हुनेछ। भक्तपुरको ठिमीबाट आउने भूमिगत विद्युत् प्रसारण लाइन बालकुमारीस्थित जीआइएस सबस्टेशनमा जोडिनेछ। तत्पश्चात् टेकु सबस्टेशनमा जोड्ने प्राधिकरणको तयारी छ।

उक्त सबस्टेशनको निर्माण सम्पन्न भएपछि आगामी पाँच वर्षसम्मको विद्युत् माग पूरा गर्न सहज हुनेछ। केयुकेएलले बालकुमारीमा स्थापना गर्ने ढल प्रशोधन केन्द्रलाई आवश्यक पर्ने विद्युत् प्राधिकरणले निःशुल्क दिने र त्यसबापत प्राधिकरणले २५ वर्षसम्मका लागि तीन रोपनी १३ आना दुई पैसा जग्गा उपभोग गर्ने सहमति भएको छ। जग्गा प्राप्तिको प्रक्रिया पूरा भएसँगै सबस्टेशन निर्माणका लागि बोलपत्र आह्वान गरिनेछ। रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०७/२७ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७५/०७/१४ गते दर्ता नं. ३०१५/०७५/०७६ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७५/०७/१४ मा स्थायी लेखा नम्बर (PAN) ६०८६८७३९१ अन्तर्गत दर्ता कायम भएको **दिब्या हार्डवयर** ।

**प्रोप्राइटर : दुर्गा प्रसाद बराल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. राम प्रसाद बरालको नाति, हरि प्रसाद बरालको छोरा, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. २ बस्ने **दुर्गा प्रसाद बराल** (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) । | २. हरि प्रसाद बरालको बुहारी, दुर्गा प्रसाद बरालको पत्नी, सिन्धुली जिल्ला, साविक हत्पते न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. १ बस्ने **रन्जु कुमारी बराल (चौलागाई)** (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) । |

**धितोको विवरण**

१. दुर्गा प्रसाद बराल (ना.प्र.नं. २०२१००१/१६५७, जारी मिति २०५८/०७/२७, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४८, १४९, २२३ र १०६ को क्षेत्रफल क्रमशः १-१-१६-०, ०-३-०-०, ०-१-२-० र ०-५-०-० (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. रन्जु कुमारी बराल (चौलागाई) (ना.प्र.नं. २०१८४९/१९६/८७१९, जारी मिति २०६५/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, कुर्थौली गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १७१, १८४ र ३५८ को क्षेत्रफल क्रमशः ०-३-०-०, ०-२-०-० र ०-९-१६-२ (बि.क.धु.क.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. दिब्या हार्डवयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०१/३१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०२/०१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय बर्दिबास, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

**नोट : मिति २०८३/०१/१६ गते प्रकाशित सूचना प्रकाशकको प्राविधिक त्रुटि भई उक्त सूचनालाई रद्द गरी पुनः यो सूचना प्रकाशित गरिएको छ ।**

Siddhartha Bank
शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website : www.siddharthabank.com

## निजी फर्मले मल बिक्रीको अभिलेख राखेको भेटिएन



भद्रपुर । जिल्लाका अधिकांश निजी फर्महरूले रासायनिक मल बिक्रीसम्बन्धी अभिलेख नराखेको पाइएको छ।

कृषि ज्ञान केन्द्र झापाको अगुवाइमा मङ्गलबार गरिएको अनुगमनमा यस्तो समस्या देखिएपछि सम्बन्धित फर्महरूलाई मापदण्डअनुसार विवरण राख्न र प्रत्येक कारोबारमा अनिवार्य रूपमा बिल जारी गर्न निर्देशन दिइएको छ।

कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टका अनुसार भद्रपुर र बिर्तामोड नगरपालिका तथा हल्दीबारी र बाह्रदशी गाउँपालिकामा बिक्रीवितरणका लागि अनुमति लिएका सहकारी तथा निजी फर्महरूको संयुक्त अनुगमन गरिएको हो। अनुगमनका क्रममा सहकारी संस्थाहरूले बिक्री विवरणसम्बन्धी बिल तथा प्रतिवेदन व्यवस्थित रूपमा राख्ने गरेको पाइए पनि अधिकांश निजी फर्महरूले त्यस्तो अभिलेख नराखेको भेटिएको उहाँले जानकारी दिनुभयो।

सरकारले किसानलाई सहुलियत दरमा उपलब्ध गराउँदै आएको युरिया, डिएपी र पोटासलगायतका रासायनिक मल स्थानीय तहले निर्धारण गरेको मूल्यमा बिक्री भइरहेको छ वा छैन भन्ने विषयमा विशेष निगरानी गरिएको थियो।

साथै किसानलाई मल बिक्री गर्दा अनिवार्य रूपमा बिल जारी गरिएको छ वा छैन भन्ने पक्ष पनि अनुगमनको मुख्य आधार बनाइएको केन्द्रका प्रमुख विष्टले बताउनुभयो।

स्थानीय तहको सिफारिसमा छनोट भएका डिलरमार्फत कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत सरकारले किसानलाई सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउँदै आएको छ।

अनुगमनमा ती दुवै कम्पनीका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति तथा नेपाल प्रहरीका प्रतिनिधि सहभागी थिए। संयुक्त टोलीले चार स्थानीय तहअन्तर्गत ११ बिक्री केन्द्रको स्थलगत निरीक्षण गरेको हो ।रासस

## दुई हजार ७२२ सवारी चालक कारबाहीमा, २७ लाख बढी राजस्व सङ्कलन



काठमाण्डु । ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा पछिल्लो चौबीस घण्टामा दुई हजार ७२२ सवारी चालकलाई कारबाही गरेको छ।

ट्राफिक प्रहरीले उपत्यकाका विभिन्न स्थानमा सवारी जाँच गर्दा मादक पदार्थ (मापसे) सेवन गरी सवारीसाधन चलाउने ४६, राइड सेयरिङमा २३६, रातोबत्तीमा १८१, तीव्रगतिमा १५४, लेनक्रसमा ३४२, सडक फुटपाथमा १३७, हर्न निषेधमा ५५, ओराल्ने र चढाउनेमा ५६, अन्यमा एक हजार ५१५ गरी कुल दुई हजार ७२२ जना चालकलाई कारबाही गरिएको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "बितेको चौबीस घण्टामा काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने दुई हजार ७२२ वटा सवार ासाधनका चालकलाई कारबाही गरिएको छ। उक्त कारबाहीबाट २७ लाख २७ हजार छ रुपैयाँ राजस्व सङ्कलन भएको छ।"

मादक पदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ। रासस

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा नं.४ घर भई हाल धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा नं. ०४ बस्ने श्री गेनालाल दास को नातिनी श्री सुदिष्ट नारायण दास को छोरी स्व.जितेन्द्र लाल कायस्थको पत्नि वर्ष ७९ की विमला देवीको मिति वि.सं २०८१/१२/१८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४०१७०७ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको छोरा अनिल कुमार दास ले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर- २, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१

## गुठी तैनाथी पोखरी बहालमा लगाउने सम्बन्धी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

(**तेश्रो पटक प्रकाशित मिति : २०८३/०१/१७ गते**)

गुठी संस्थानको पूर्ण स्वामीत्वमा रहेको गुठी तैनाथी पोखरी/जग्गा तपसिलका पोखरी/जग्गा जे जस्तो अवस्थामा छ सोही आवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) बर्षको लागी बहालमा ब्यवस्था गर्नु पर्ने भएकोले निम्न बमोजिमको पोखरीको सार्वजानिक सुचना प्रकाशित गरिएको छ। विस्तुत विवरण यस कार्यालयको सूचना पाटी वा गुठी संस्थानको वेबसाइटमा समेत हेर्न सकिन्छ।

www.guthisansthan.org.np

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. न.पा. | वडा नं. | कि. नं. | क्षे.फ. | न्यूनतम मूल्याङ्कन एकशाला |
|---|---|---|---|---|---|---|
| १. | महोत्तरी | मटिहानी | ७ | १०७ | २-१०-१६ जग्गा | ४० मन धान |
| २. | महोत्तरी | रामगोपालपुर | ३ख | २३१ | ०-१७-१० पोखरी | ४००००।- (चालीस हजार मात्र) |

**गुठी संस्थान शाखा कार्यालय**
महोत्तरी, जलेश्वर
सम्पर्क नम्बर:– ०४४–५२००७४

# मेयर समस्या समाधानतर्फ गम्भीर नभएको उपमेयरको आरोप



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला नगरपालिकामा आर्थिक वर्षको बजेट ल्याउन नगरसभा सम्पन्न भएको दुई साताभन्दा बढी वितेको छ । तर अहिलेसम्म पनि ज्येष्ठ नागरिकदेखि शिक्षक, कर्मचारीलगायतकाले समेत तलब भत्ता पाउन नसकेको छैन ।

कमला नगरपालिकाकी उपमेयर शिलादेवी मण्डलले आफूलाई बेवास्ता गरी दबाबमा आर्थिक वर्ष २०८२/०८३ नगरसभाबाट बजेट ल्याए पनि नगरवासीको समस्या समाधान नभएको भन्दै आपत्ति जनाएकी छन् ।

कमला नगरपालिकाको कार्यालयमा बुधबार पत्रकार सेम्मलन आयोजना गरी उपमेयर मण्डलले आफूहरुको असहमतिको बावजुत ल्याइएको नगरसभा सम्पन्न गरेको दुई साता वित्दा पनि कार्यान्वयनमा नल्याइ मेयर विशेश्वर यादव र प्रमुख प्रशासकीय अधिकृत नै दुई सातादेखि नै सम्पर्कविहीन रहेको आरोप लगाइन् ।

आफूहरुले नगरसभा गर्नु अघि वितेको दुई वर्षसम्मको आर्थिक वर्षमा हालसम्म कुन कुन शीर्षकमा के कति खर्च गरिएको छ, विकास निर्माणका कामकारबाही र बजेट परिचालनलगायतका कामकारबाहीमा आफ्नो संलग्नता विना नै मेयर यादवको मिलेमतोमा प्रमुख प्रशासकीयले आफूहरुलाई थर्काएर त्रासदी वातावरणमा राखेर नगरसभा सम्पन्न गर्नु कानुनी व्यवस्थाको खिल्ली उडाएको उपमेयर मण्डलले भनिन् ।

उपमेयरले कमला नगरपालिकाको कार्यकारिणी समितिमध्ये आफूहरुसहित वडाध्यक्ष र बार्डका सदस्यहरुसमेत गरी बहुमतीय रहेकाले मेयर यादव लुकिछिपी भाग्ने गरेको आरोप लगाइन् । उनले यस नगरसभालाई अवैधानिक रहेको भन्दै कमला नगरपालिका वडा नम्बर १ का वडाध्यक्षले बताए ।

२०८२ चैत ३० गते नगरसभा सम्पन्न भयो । कमला नगरपालिकाको नगरसभा सम्पन्न भएको दुई साताभन्दा बढी वितेको छ । तर यहाँका ज्येष्ठ नागरिकले ९ महिनादेखि भत्ता नपाएको भन्दै नागरिक समाज संघर्ष समितिका अध्यक्षसमेत रहेका स्थानीय विष्णुदेव राम यादवले गुनासो गरे । उनले आफूहरुले जसोतसो नगरसभा गरी शिक्षक, ज्येष्ठ नागरिक, कर्मचारी, बालबालिका, गर्भवत्ति महिलालगायतकाले नगरपालिकाबाट पाउनुपर्ने सेवासुविधा विगत ९ महिनादेखि नपाएको बताए । उनले नगरपालिकाले आफ्नो कामकारबाही नगर्दा आफूलाई निकै कठिनाइ भएको स्पष्ट पारे ।

# खिया लाग्न थाल्यो थन्किएको साइकलमा

**"मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान" अन्तर्गत तत्कालीन लालबाबु राउत सरकारले कक्षा ८ मा पढ्ने छात्रालाई वितरण गर्न साइकल किनेको थियो । भ्रष्टाचार काण्डमा मुछिएपछि २०७८ मा अलपत्र पऱ्यो । समितिले प्रतिवेदन बुझाएपनि साइकल के गर्ने भन्ने बारे मुख्यमन्त्री कार्यालय अझै अन्यौल छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारले 'बेटी बचाऊ, बेटी पढाऊ' अभियान अन्तर्गत छात्राहरुलाई वितरणका लागि गत पांच वर्षदेखि जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि) मा थन्काएको साइकलहरुमा खिया लाग्न थालेको छ ।

प्रदेश सरकारले प्रक्रिया पुरा नगर्दा जचुकालिको गोदाममा थन्काइएका साइकलको समयमै वितरण तथा व्यवस्थापन नहुँदा अहिले जीर्ण अवस्थामा पुगेका छन् । स्थानीय स्रोतका अनुसार गोदामभित्र उचित संरक्षण नहुँदा अधिकांश साइकलमा खिया लाग्ने, टायर बिग्रिने र पार्टपुर्जा नष्ट हुने अवस्था देखिएको छ ।

लामो समयदेखि प्रयोगविहीन संरचनाभित्र सामान थन्किँदा सरकारी सम्पत्तिको दुरुपयोग भएको भन्दै आलोचना भइरहेको छ । विषयमा स्थानीय सरोकारवालाहरूले सरकारी योजनाहरूको कार्यान्वयनमा कमजोरी रहेको र जिम्मेवार निकायले समयमै ध्यान नदिँदा राज्यको स्रोत नोक्सान भइरहेको टिप्पणी गरेका छन् ।

गोदाममा साइकल ४ हजार ५५७ वटा यकिन भएको मुख्यमन्त्री कार्यालयले जनाएको छ । भवनमा ५ वर्षदेखि कबाडझैं थन्किएका साइकल गन्न गत ४ फागुनमा मुख्यमन्त्री कार्यालयले उपसचिव विपीन ठाकुरको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरिएको थियो । समितिले सबै साइकलको संख्या यकिन गरेर प्रदेश सरकारलाई प्रतिवेदन बुझाएको थियो ।

प्रतिवेदनमा समितिले २०७५।०७६ देखि यता भएको साइकल खरिद र वितरण र मौजदात संख्या यकिन गरिएको थियो भने तीन चरणमा भएको साइकल खरिद,



वितरण र मौजदात सबै विवरण मिलान भएपनि साइकल वितरणको प्रक्रिया पुरा नहुँदा थन्किएको मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले बताएका छन् ।

'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान' अन्तर्गत तत्कालीन लालबाबु राउत सरकारले कक्षा ८ मा पढ्ने छात्रालाई वितरण गर्न साइकल किनेको थियो । भ्रष्टाचार काण्डमा मुछिएपछि २०७८ मा अलपत्र पऱ्यो । समितिले प्रतिवेदन बुझाएपनि साइकल के गर्ने भन्ने बारे मुख्यमन्त्री कार्यालय अझै अन्यौल छ ।

विशेष अदालतले साइकल काण्डसम्बन्धी भ्रष्टाचार मुद्दाको गत ११ माघमा गरेको फैसलाको पूर्णपाठ आइसकेको छैन । अख्तियारले लगेको साइकलसम्बन्धी फाइलहरु पनि अहिलेसम्म कार्यालयमा नआउँदा बाँकी रहेको साइकल र त्यसको आपुर्तिकर्ताको भुक्तानी के गर्ने भन्ने विषय निष्कर्ष नलागेको मुख्यमन्त्री कार्यालयको भनाई छ ।

मधेश सरकारले तेस्रो चरणमा आर्थिक वर्ष ०७७/७८ मा १० हजार साइकल खरिद गरेको थियो । ११ असार २०७८ मा ८ करोड ४४ लाखमा स्यान्यो इन्टरनेसनल प्रालि पुतलीसडकबाट खरिद गरेको साइकल बाँड्दै गर्दा अख्तियारले १७ साउन २०७८ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

मुद्दा दोस्रो चरणमा १७ हजार २३८ र तेस्रो चरणमा भएको १० हजार साइकल खरिद प्रकरणमाथि थियो । सरकार र कर्मचारी डराएपछि साइकल वितरण अन्योल बन्यो । १० हजारमध्ये स्टोर दाखिला गरी ३ हजार २६७ साइकल वितरण भएको थियो । जसको आपूर्तिकर्ता कम्पनीको २ करोड ९३ लाख भुक्तानी भयो । बाँकी स्टोर दाखिला नगरी वितरण गर्ने काम चलिरह्यो ।

४ हजार ५५७ वटा साइकल गोदाममै थन्कियो । आपूर्ति कम्पनीको ५ करोड ६८ लाख भुक्तानी बाँकी रहेको कार्यालयले जनाएको छ । मोटो रकम भुक्तानी अड्किएपछि आपूर्तिकर्ता भौतारिरहेका छन् । थन्किएको साइकल रद्दी बनिरहेको छ । समितिले गणना गर्न पुगेको बेला गोदाममा रहेको साइकल धुलैधुलो र माकुराको जालोले कबाडजस्तै देखिएको थियो ।

सुरुमा मधेश सरकारको ब्राण्ड बनेको साइकल वितरण अभियान भ्रष्टाचारमा मुछिएपछि अत्यन्तै विवादित बनेको थियो । कार्यक्रम विवादित बनेपछि कर्मचारी पनि डराएका छन् । त्यसैले कर्मचारीहरु सावधानीपूर्वक थन्केको साइकल किनारा लगाउने मनस्थितिमा रहेपछि सरकारले त्यस बारे उचित निर्णय नगर्दा अलपत्र अवस्थामा छन् ।

बोलपत्रमा त्रुटि रहेको भन्दै १० हजारसहित दोस्रो चरणमा खरिद भएको १७ हजार साइकल ब्राण्ड बाहिरको खरिद गरेर भ्रष्टाचार भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १७ साउन २०७८ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले गत ११ माघमा १० थान हजार साइकल खरिद मुद्दामा सबैलाई सफाइ र १७ हजार थान खरिदमा प्रशासनिक त्रुटि भन्दै मुख्यमन्त्री कार्यालयका सचिव यमप्रसाद भुषाल र जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय जनकपुरका तत्कालीन प्रमुख भगवान झालाई दोषी ठहर गरेको थियो ।

# जंगीलालको जागीर संकटमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका स्वास्थ्य मन्त्री जंगीलाल रायसंकटमा परेका छन् । उनी मन्त्रीबाट बर्खास्त गर्ने खतरा बढेको छ । आफ्नै सभापति गगन थापाको विरुद्ध चुनावमा घात गरेकाले उनी कार्यवाहीमा परेका छन् ।

उनीसहित ७ जनासँग नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले पष्टीकरण मागेको छ ।

बुधबार बसेको अनुशासन समितिको वैठकले प्रतिनिधिसभा निर्वाचनमा आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भन्दै तीन जना प्रदेश सरकारका मन्त्रीसहित सात प्रदेश सांसदसँग स्पष्टीकरण मागेको हो ।

स्पष्टीकरणमा परेका नेतामा मन्त्रीहरूमा लुम्बिनी प्रदेशका वनमन्त्री देवकरणप्रसाद कलवार (महासमिति सदस्य), कोशी प्रदेशका मन्त्री प्रदीप सुनुवार( पूर्व केन्द्रीय सदस्य) र लुम्बिनी प्रदेशका यातायात तथा पर्यटन मन्त्री प्रचण्डविक्रम न्यौपाने छन् ।

अन्य प्रदेश सांसदमा लुम्बिनी प्रदेश सभाका सांसद( प्रदेश उपसभापति) राजु खनाल, मधेश प्रदेशका सांसदहरू जंगीलाल राय, सकुन्तीदेवी महरा र कौशलकिशोर रायसँग पनि स्पष्टीकरण सोधिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए । उनीहरूलाई पाँच दिनभित्र स्पष्टीकरण बुझाउन भनिएको छ ।

रायलाई नहटाए मुख्यमन्त्री कृष्णा यादव नै हट्ने जोखिम बढ्कोछ । यिनीहरु देउवा पक्षधर हुन्।

# एमआरपी लागु भएपछि भन्सार ठप्प

**टुडे समाचारदाता**

वीरगञ्ज । भन्सारबाट आउने तथा स्वदेशमा उत्पादन हुने सबै वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएपछि वीरगञ्ज भन्सार कार्यालय बुधबार ठप्प हुने अवस्था आएको छ ।



निजी क्षेत्रले सरकारको नयाँ नियमप्रति आपत्ति जनाउँदै भन्सारबाट भित्र्याएसकेका मालसामान पनि जाँचपास नगराएपछि सर्वाधिक राजश्व संकलन गर्ने मुलुकको प्रमुख भन्सार वीरगन्ज भन्सारको राजश्व असूली अत्यन्तै कम भएको छ ।

सामान्य अवस्थामा दैनिक सरदर ६० देखि ६५ करोड रुपैयाँ राजश्व संकलन गर्दै आएको यो भन्सार कार्यालयले मंगलबार ३५ करोड रुपैयाँ मात्र राजश्व संकलन गरेको भन्सारका कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले जानकारी दिएका छन् ।

'हिजो मंगलबार आधा दिनदेखि मात्र काम प्रभावित भएकाले हिजो यति परिमाणमा राजश्व संकलन भएको हो,' उनले भने, 'बुधबार भने एमआरपी लेखिएका तथा इन्धन एवं औद्योगिक कच्चा पदार्थबाहेकका वस्तु जाँचपास नै भएनन् ।' बुधबार मंगलबारको तुलनामा अत्यन्त कम राजश्व संकलन भएको उनले बताए ।

नेपाल सरकारले २६ चैत २०८२ मा जारी गरेको सूचनाअनुसार एमआरपी अनिवार्य भएपछि मंगलबारदेखि वीरगन्जलगायत देशभरका भन्सार नाकामा आयातित मालसामानको जाँचपास प्रभावित भएको छ ।

विवाद समाधानका लागि प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीको कार्यकक्षमा सरोकारवालाहरूको बैठक बसे पनि निकास ननिस्किएको भन्सार एजेन्ट विनोद परियारले जानकारी दिए । उनले अधिकांश भन्सार एजेन्टले बुधबार काम नगरेको बताए ।

व्यवसायीहरूको छाता संस्था वीरगन्ज उद्योग वाणिज्य संघले सरोकारवालासँग पर्याप्त छलफल नै नगरी एकपक्षीय रूपमा एमआरपी लागु गर्ने निर्णय निजी क्षेत्रमैत्री नभएको भन्दै मंगलबार विज्ञप्ति जारी गर्दै आपत्ति जनाएको छ । संघले मंगलबार उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था उल्लेख गर्दै सरकारले हठात् निर्णय गरेको आरोप लगाएको छ ।

संघका अध्यक्ष हरिप्रसाद गौतमद्वारा जारी विज्ञप्तिमा छिमेकी भारतमा सीमित वस्तु तथा साना मेसिनरीमा मात्र एमआरपी लागु गरिएको तर नेपालमा सबै प्रकारका वस्तुमा अनिवार्य गर्ने प्रावधान व्यावहारिक नभएको उल्लेख छ ।

# एमालेका नेता-कार्यकर्ताले दिए सामूहिक राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (एमाले) धनुषाका धनुषाधाम नगरपालिकाका विभिन्न तहका नेता तथा कार्यकर्ताहरूले पार्टी परित्याग गर्दै सामूहिक रूपमा राजीनामा दिएका छन् ।



बुधवार उनीहरूले एमालेको साधारण सदस्य समेत नरहने गरी सामूहिक रुपमै राजीनामा दिएको घोषणा एक पत्रमार्फत गरेका हुन् । राजीनामा दिनेहरूमा नगर अध्यक्षदेखि वडा तहका जिम्मेवार पदाधिकारीसम्म रहेका छन् ।

राजीनामा दिनेहरूमा नगर अध्यक्ष योग कुमार यादव, जिल्ला सदस्य देव नारायण यादव, जिल्ला लेखा समिति सदस्य पवन देवी, नगर सहसचिव विनोद कुमार यादव, नगर महिला अध्यक्ष मन्जू महतो (नगर महिला लगायतका रहेका छून ।

त्यस्तै, राष्ट्रिय युवा संघ मधेश प्रदेश संयोजक तथा धनुषा इञ्चार्ज राम उद्गार यादव, युथ फोर्स धनुषा प्रमुख आदेश कुमार यादव, मुक्ति समाज क्षेत्रीय अध्यक्ष कुसुमी देवी पासमान, वडा नं. ४ अध्यक्ष त्रिभुवन कापर, वडा नं. ११ का अध्यक्ष महेश कुमार साह, वडा नं. २ उपाध्यक्ष नट्टा राई अमात र साधारण सदस्य विरुदेव कुमार शर्माले पनि राजीनामा दिएका छन् ।

# चट्याङ्गले एकको मृत्यु, व्यापक क्षति

**टुडे समाचारदाता**

लहान । हावाहुरी र चटयाङ्गले मधेशका जिल्लाहरुमा समेत असर परेको छ । प्राप्त जानकारी अनुसार अनुसार चट्याँग लागेर सिरहामा एकजनाको मृत्यु भएको छ भने पर्सा जिल्लामा व्यापक क्षति भएको छ । महोत्तरीमा असिना समेत परेको छ ।



सिरहाको मिर्चैया नगरपालिका-९ भगवानपुर टोलमा चट्याङले लागेर एक महिलाको मृत्यु भएको छ भने उनका श्रीमान् घाइते भएका छन् । मंगलबार राति करिब साढे १० बजे परेको चट्याङले अन्दाजी ३० वर्षीया रंजितादेवी सदाको मृत्यु भएको प्रहरीले जनाएको छ । उनका श्रीमान् ३५ वर्षीय मिथिलेश सदा घाइते भएका छन् ।

रंजिताको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । उनको शरीरमा बाहिरी चोटपटक भने देखिएको छैन । घाइते भएका मिथिलेशको स्थानीय मेडिकलमा उपचार भइरहेको र अवस्था मध्यम रहेको प्रहरीको भनाइ छ ।

उता पर्सा जिल्लामा पनि गएराति आएको असिनासहितको हावाहुरी र वर्षाले विभिन्न स्थानमा व्यापक क्षति पुऱ्याएको छ । राति करिब ११ बजे आएको आँधीले तरकारी तथा केरा खेतीमा ठूलो नोक्सानी गर्नुका साथै खरफुस र जस्तापाताले छाएका घर-टहराका छाना उडाएको स्थानीयहरूले बताएका छन्।

हावाहुरीबाट बहुदरमाई नगरपालिका का बिश्रामपुर टोल, रामनगरी, भौराटार, पिपरा लगायत क्षेत्र प्रभावित भएका छन्। त्यस्तै बिन्दवासिनी गाउँपालिका र सखुवाप्रसौनी गाउँपालिका सहित जिल्लाका अधिकांश पालिकामा असिनासहितको वर्षाले क्षति पुऱ्याएको जनाइएको छ ।

पोखरिया नगरपालिका-१०, सी बरवामा स्थानीय राम अयोध्या साहको घरमा पिपलको रुख ढल्दा घर पूर्ण रूपमा नष्ट भएको छ । उक्त घटनामा घरमा बाँधिएको एक खसी समेत मरेको पीडितले जानकारी दिएका छन् । अचानक आएको प्राकृतिक विपत्तिका कारण प्रभावित परिवारहरूले ठूलो नोक्सानी व्यहोर्नुपरेको छ । स्थानीयवासीहरूले पीडितहरूलाई तत्काल राहत तथा सहयोग उपलब्ध गराउन माग गरेका छन् । साथै, सम्बन्धित निकायलाई छिटो क्षतिको विवरण संकलन गरी राहत र पुनःस्थापना कार्य अघि बढाउन आग्रह गरिएको छ ।

यसैबीच बुधवार सांझदेखि भएको हावाहुरी र वर्षाले पनि प्रदेशका विभिन्न जिल्लामा क्षति भएको छ । क्षति विवरण समाचार लेख्दासम्म नआएपनि महोत्तरीमा असिना परेको र सर्लाहीमा एक एफएम रेडियोको टावरमाथि चट्याङ्ग खसेको बुझिएको छ । प्रदेशका ८ वटै जिल्लामा सांझ ७ बजेदेखि वर्षा भइरहेको छ ।

# लालपुर्जा वितरणमा ढिलाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) वितरणमा नापी कार्यालय धनुषाको देखिएको कार्यशैलीप्रति सेवाग्राहीहरूले असन्तुष्टि व्यक्त गरेका छन् । शहिदनगर नगरपालिका-८, विसरभोरा क्षेत्रमा जग्गा नाप-नक्सा सम्पन्न भएको वर्षौं बितिसक्दा पनि लालपुर्जा वितरण नहुँदा स्थानीयलाई समस्या भएको छ ।





साविक विसरभोरा गाउँ विकास समिति अन्तर्गत वडा नं. १ देखि ९ सम्मको गाउँब्लक जग्गाको नाप-नक्सा करिब ५ वर्षअघि दुई पटक सम्पन्न भइसकेको छ । तर, हालसम्म जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) उपलब्ध नभएकाले सेवाग्राहीहरूले घर निर्माण, बैंक ऋण लिन लगायतका आवश्यक कार्य गर्न नसकेको गुनासो स्थानीयले गरेका छन् ।

लालपूर्जा वितरणका लागि सेवाग्राहीहरू पटक-पटक वडा कार्यालय, नगरपालिका तथा नापी टोली कार्यालयमा धाउँदै आएका छन् । तर अहिलेसम्म वितरणको कुनै छाँटकाँट देखिएको छैन ।

अहिलेसम्म २०८३ वैशाख ९ गते नापी टोली प्रमुख निरञ्जन यादवलाई दर्ता नं. १४० अन्तर्गत औपचारिक निवेदनसमेत पेश गरिएको थियो । सो निवेदनको बोधार्थ संघीय मामिला तथा भूमि व्यवस्थापन विभाग, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला प्रहरी कार्यालय धनुषामा समेत पठाइएको एक स्थानीयले जनाइएको छ ।

यति प्रयासपछि पनि समस्या समाधानतर्फ कुनै ठोस पहल नभएको सेवाग्राहीहरूको भनाइ छ । उनीहरूले अमिनदेखि उच्च अधिकारीसम्मको ढिलासुस्ती र समन्वय अभावका कारण काम प्रभावित भएको आरोप लगाएका छन् ।

यस्तै, जनगुनासो व्यवस्थापनका लागि सञ्चालनमा रहेको हेलो सरकार (११११) मा उजुरी दिँदा पनि अपेक्षित सुनुवाइ नभएको भन्दै सेवाग्राहीहरूले असन्तुष्टि पोखेका छन् । सम्बन्धित निकायहरूले यस विषयमा छानबिन गरी यथाशीघ्र लालपुर्जा वितरण प्रक्रिया अघि बढाउनुपर्ने माग स्थानीयले गरेका छन् ।

# गैरकानुनी सिफारिस रोक्न निर्देशन

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले ऐन नियम विपरीत हुने सिफारिसलाई रोक्न कडा कदम चालेको छ । कार्यालयले सबै स्थानीय तहलाई पत्राचार गर्दै गैरकानुनी रूपमा राजस्व छुट तथा बिना रोकावट सामान आयातका लागि सिफारिस नगर्न निर्देशन दिएको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटका अनुसार गौर भन्सार कार्यालयबाट प्राप्त जानकारीका आधारमा केही स्थानीय तहबाट खाद्यान्न, लत्ताकपडा, फर्निचर र इलेक्ट्रोनिक्स सामग्रीमा नियम विपरीत छुट दिलाउन सिफारिस गरिएको पाइएको छ । यस्तो गतिविधिले राज्यको राजस्वमा प्रत्यक्ष असर पार्ने भन्दै प्रशासनले गम्भीर चिन्ता व्यक्त गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले स्पष्ट रूपमा चेतावनी दिँदै भनेको छ कि अबदेखि यस्ता गैरकानुनी सिफारिस जारी गरिएमा सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीलाई प्रचलित कानुन अनुसार कारबाही गरिनेछ । साथै गौर भन्सार कार्यालयलाई पनि यस्ता सिफारिस पत्र स्वीकार नगर्न निर्देशन दिइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८